मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक ५४ ● २०८२ साल पौष २४ गते बिहीबार ● Thursday 08, January 2026 ● सूर्योदय: बिहान ०६:५६ बजे ● सूर्यास्त: साँझ ५:२८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## फरार प्रतिवादी जयसवाल पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
फरार प्रतिवादी नियन्त्रणसम्बन्धी कार्यवाहीअन्तर्गत पर्सा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पर्सा जिल्ला अदालतको फैसला कार्यान्वयनका क्रममा भागी फरार रहेका पर्सा बहुदरमाई नगरपालिका–८ निवासी करिब ४५ वर्षीय अलोक प्रसाद जयसवाललाई प्रहरीले नियन्त्रणमा लिएको हो ।
प्रहरीका अनुसार 'हातहतियार तथा खरखजाना' मुद्दामा ५ महिना ४ दिन कैद सजाय तोकिएका जयसवाललाई यस कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । पक्राउपछी उनलाई सोही कसुरमा थप अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।

# मधेशमा ४ राष्ट्रियसभा सिटका लागि ११ जनाको उम्मेदवारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रियसभा निर्वाचनका लागि मधेश प्रदेशबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका छन् । मधेशमा ४ राष्ट्रियसभा सिटका लागि कांग्रेस–एमाले गठबन्धन, माओवादी केन्द्र, लोसपा नेपाल तथा जसपा नेपालबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका हुन् ।
लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्यतर्फ उम्मेदवारी दर्ता गराएका छन् । उनको उम्मेदवारीमा लोसपाको मधेश प्रदेशसभा सदस्य जयनुल राइन प्रस्तावक र रानी शर्मा तिवारी समर्थक बसेका थिए । ठाकुरको उम्मेदवारीमा जसपा नेपालको पनि समर्थन छ । त्यस्तै कांग्रेस एमालेले पनि उनको उम्मेदवारीलाई समर्थन गर्ने जनाइसकेको छ ।
त्यस्तै मधेशमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीनजनाको उम्मेदवारी दर्ता भएको छ । जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी गराएका हुन् । जसपा नेपालबाट उम्मेदवारी दिने चौधरी सप्तरी, साह सिरहा र दास धनुषाकी हुन् ।
नेपाली कम्युनिस्ट पार्टी(नेकपा)बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकबाट रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेशी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएका हुन् ।
त्यस्तै कांग्रेस–एमाले गठबन्धनबाट दलित कोटामा कांग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा कांग्रेसका रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएका हुन् ।

**मधेशमा कसको कति मतभार ?**
निर्वाचन आयोगले तोकेको मतभारअनुसार मधेशमा सबैभन्दा बढी मतभार १० हजार ८ सय ३९ रहेको छ । मधेश प्रदेशमा हाल १ सय ७ जना प्रदेश सभा सदस्य र १ सय ३६ स्थानीय तहका २ सय ७२ जना प्रमुख तथा उपप्रमुख मतदाता छन् । यही मतदाताबाट राष्ट्रियसभा सदस्य चयन हुने भएकाले दलहरूको रणनीति निर्णायक बन्दै गएको छ ।
प्रदेश सभामा दलगत हैसियत हेर्दा नेकपा एमालेका २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी (जसपा) नेपालका १९, जनमत पार्टीका १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ९, माओवादी केन्द्रका ९, नेकपा एकीकृत समाजवादीका ७ तथा नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र संघीय समाजवादी पार्टीका एक–एक प्रदेशसभा सदस्य छन् ।
त्यस्तै, स्थानीय तहको हिसाबले मधेशमा सबैभन्दा बढी नेपाली कांग्रेसको १ सय २, नेकपा एमालेसंग ५७, जसपा नेपालसँग ५१, लोसपाको २४, जनमत पार्टी ३, माओवादी केन्द्रसँग १८, नेकपा एकीकृत समाजवादी पार्टीसँग ११, तमालोसँग १ र स्वतन्त्रसँग ३ स्थानीय तहको मतदाता छन् ।
मतभारको हिसाबले सबैभन्दा बढी कांग्रेससँग ३ हजार १ सय ४ मतभार छ । एमालेसँग २ हजार ४ सय ८ मतभार छ । त्यस्तै, जसपा नेपालसँग १ हजार ९ सय २३, लोसपासँग ९ सय ३३, माओवादीसँग ७ सय ६६, जनमतसँग ७ सय ४६, नेकपा एकीकृत समाजवादी पार्टीसँग ५ सय ८० मतभार छ ।
मतभारका हिसाबले कांग्रेस सबैभन्दा अगाडि देखिएको छ भने त्यसपछि एमाले र तेस्रो स्थानमा जसपा नेपाल छ । माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी चौथो स्थानमा रहे पनि कांग्रेस, एमाले र जसपा नेपालको तुलनामा मतभारका दृष्टिले निकै पछाडि छ ।

# प्रत्यक्ष चुनावलाई बिट मार्दै राष्ट्रिय सभातिर ठाकुर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
२०४८ सालदेखि निरन्तर संसदीय चुनावमा प्रतिस्पर्धा गर्दै आएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरको राजनीतिक यात्रा अब राष्ट्रिय सभातर्फ मोडिएको छ । नेपाली कांग्रेस, एमाले र जसपा नेपालबीच बनेको चुनावी सहकार्यका आधारमा ठाकुर मधेश प्रदेशबाट राष्ट्रिय सभाको उम्मेदवार बनेका हुन् ।
विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय ठाकुर ८२ वर्षको उमेरमा राष्ट्रिय सभाको सदस्यका लागि उम्मेदवारी दिँदै छन् । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी क्षेत्र नम्बर ३ बाट 'अन्तिम पटक' भन्दै चुनाव जितेका उनले प्रत्यक्ष संसदीय चुनावलाई यहीँबाट टुंग्याउँदै राष्ट्रिय सभामार्फत राजनीति निरन्तरता दिने संकेत गरेका छन् ।
हालै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल र ठाकुर अध्यक्ष रहेको लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच भएको एकीकरणपछि मधेश प्रदेशमा यो गठबन्धन ठूलो शक्ति बनेको छ । यसमा

*बाँकी पृष्ठ २ मा*

# मधेशमा रास्वपाको विगत कमजोर मजबुत प्रदर्शनको तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पछिल्लो समय मधेश प्रदेशमा आफ्नो गतिविधि तीव्र बनाएको छ । रास्वपाले मधेशमा आफ्नो पैठ जमाउनकालागि काठमाडौँ महानगरपालिकाका नगरप्रमुख बालेन्द्र साहसँग एकीकरण गरेको छ । बालेनको बलमा मधेशमा रास्वपाले कति प्रभाव जमाउन सक्ला त्यो त फागुन २१ गते हुने निर्वाचनपछि मात्रै स्पष्ट होला । तर मधेशमा रास्वपाको विगत निर्वाचनको परिणामलाई हेर्ने हो भने लज्जास्पद परिणाम देखिएको थियो ।
मधेश प्रदेशमा गत निर्वाचनमा कुल ३३ लाख ८६ हजार ६ सय २८ मतदाता रहेकोमा रास्वपाले समानुपातिकतर्फ एक लाख सात हजार ८४ मत प्राप्त गरेको थियो । समानुपातिकमा सम्मानजनक मत ल्याएपनि प्रत्यक्ष निर्वाचनतर्फको परिणाम अत्यन्तै निराशाजनक देखिएको थियो ।
सप्तरी जिल्लाका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको रास्वपाले जम्मा दुई हजार ७४ मत मात्र प्राप्त गर्न सक्यो । क्षेत्र नम्बर ४ मा मो. इरफान आलम १०औँ स्थानमा रहे भने क्षेत्र नम्बर १ मा निरजन प्रसाद कुशवाहा र क्षेत्र नम्बर ३ मा प्रमोद कुमार साह नवौँ स्थानमा सीमित भए । सप्तरी–२ मा बरुण कुमार झाले २ सय ८१ मत ल्याउँदै चौथो स्थान हासिल गरे ।
सिरहामा रास्वपाले दुई हजार ४ सय ५० मत प्राप्त गरेको थियो । क्षेत्र नम्बर १ मा रामकुमार यादव छैटौँ, क्षेत्र नम्बर ३ मा दीपकुमार साह पाँचौँ र क्षेत्र नम्बर ४ मा विमल कुमार तिवारी चौथो स्थानमा सीमित भए । धनुषाका चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिए पनि रास्वपाले जिल्लाभर दुई हजार १ सय ६४ मत मात्र पायो ।
धनुषा–२ मा चन्द्रशेखर कुमार यादव २४६ मतसहित आठौँ स्थानमा सीमित भए भने धनुषा–३ मा रञ्जित पंजियार ४ सय ३३ मत ल्याउँदै छैटौँ स्थानमा रहे । धनुषा–१ र ४ मा धर्मेन्द्रकुमार राय र सञ्जयकुमार यादव पाँचौँ स्थानमा सीमित भए । काठमाडौँ

*बाँकी पृष्ठ २ मा*



# बुधबार तराईका केही क्षेत्रमा घाम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज सहित तराई मधेशका केही क्षेत्रमा आज दिउँसो केहिबेर घाम लागेको छ । हल्का घाम लागेको भएतापनि हावा चलेको कारण चिसो बढेको र विहान बेलुकी चिसोका कारण कठ्याङ्ग्रीने क्रम बढेको वीरगंजका बासिन्दाहरूले बताएका छन् ।
जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार तराईका धेरैजसो भू–भागमा बिहानदेखि हुस्सु र कुहिरो लागेको छ । चिसोका कारण ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूमा रुघाखोकी, ज्वरो लगायत स्वास्थ्य समस्या देखिन थालेको नारायणी अस्पतालका फिजिसियन डा. निरज सिंहले जानकारी दिए ।
बारम्बार वा औषधिले निको नहुने टाउको दुखाइ, बान्ता, दृष्टि धमिलो हुने वा ज्वरोसँगै दुखाइ भए तुरुन्त सल्लाह लिन डाक्टरहरूले आग्रह गरेका छन् ।

# सरकारले निर्वाचनको वातावरण बनाउनुपर्छः ओली



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले निर्वाचनका लागि अनुकूल वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् ।
नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको ३५औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले निर्वाचनका लागि सरकारले अनुकूल वातावरण तयार गर्नुपर्ने बताए ।
अध्यक्ष ओलीले मुलुकको राष्ट्रियता सुदृढ हुन नदिनका लागि शान्ति खलबलाउने प्रयास पटकपटक दोहोरिएको तर्क गरे । 'मुलुक अशान्त भएपछि त्यसलाई बहाना बनाएर देशलाई कमजोर बनाउने शक्ति र तत्त्व बढी क्रियाशील हुन्छन्,' उनले भने, 'त्यसकारण शान्ति सुव्यवस्था कायम गर्न हामीले सदैव ध्यान दिनुपर्दछ ।'
उनले एमाले देश, सुशासनप्रति जिम्मेवार भएकाले नेता तथा कार्यकर्ता एमालेप्रति जिम्मेवार हुनुपर्नेमा जोड दिए । अध्यक्ष ओलीले देश र जनताप्रति आफ्नो इमान सधैँ कायम नै रहने उल्लेख गरे ।
सङ्गठनका अध्यक्ष विनोद पाण्डेले हरेक नेपालीले सिपाहीका रूपमा काम गर्नुपर्ने बताए । उनले सरकारले निर्धारित समयमा प्रतिनिधि सभाको निर्वाचन गराउनतर्फ ध्यान दिनुपर्नेमा जोड दिए ।
उनले भूपु सैनिक र प्रहरीलाई उत्पादनमूलक काममा सरकारले खटाउनुपर्ने बताए ।




# सङ्कटापन्न घडियालको प्राकृतिक बासस्थानमा जोगाउनै मुस्किल

**नारायणगढ ।**
पुस ३ गते चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत सौराहा सेक्टर, रत्ननगर नगरपालिका–८ स्थित चित्रसारी पुल नजिक बूढीराप्ती खोलामा तियारी जालमा बेरिएको अवस्थामा अन्दाजी १० वर्षको अतिसङ्कटापन्न घडियाल गोहीलाई निकुञ्जको संरक्षण टोलीले सफलतापूर्वक उद्धार गरेको छ ।
नदीजन्य पारिस्थितिक प्रणालीको महत्त्वपूर्ण सूचक प्रजातिका रूपमा रहेको अतिसङ्कटापन्न घडियाल गोहीलाई असर पुग्नेगरी तियारी जाल प्रयोग गरी माछा मार्ने कार्य प्रचलित कानूनबमोजिम दण्डनीय अपराध भएता पनि बेलाबेला यस्ता घटना दोहोरिरहन्छन् । कतिपय अवस्थामा थाहा पाएर उद्धार हुने गरे पनि धेरै अवस्थामा सङ्कटापन्न घडियाल अकालमै ज्यान गुमाउने गरेका छन् । चितवन राष्ट्रिय निकुञ्जले घडियाल संरक्षणका लागि बेलाबेला अनुरोध गर्दै सचेतना फैलाउँदै आएको छ ।
नदीमा अनियन्त्रित रूपमा माछा मार्ने, बालुवा र गिट्टी उत्खनन, फोहर फाल्ने तथा अन्य प्रदूषणयुक्त गतिविधिले घडियालको प्राकृतिक बासस्थानमा थप चुनौती सृजना गरेको छ । शान्त स्वभावको यो सरिसृप प्राणीको मुख्य आहार माछा हो । हाल विशेषगरी चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका राप्ती नदी र नारायणी नदी घडियालका प्रमुख प्राकृतिक बासस्थान हुन् । घडियाल गोही महाकाली, बबई, कर्णाली, कालीगण्डकी, सप्तकोशीलगायत नदीमा पाइन्छन् । तर पछिल्लो समय अन्य नदीमा घडियाल लोप हुँदै गएको छ । हाल राप्ती र नारायणी नदी किनारमा मात्र यसको बढी प्राकृतिक बासस्थान भेटिने गरेको छ । यहाँ बर्खामा बाढी आउँदा घडियाल बगेर भारततर्फ पुग्ने गर्दछ । बाँध तथा नदीको बहाव परिवर्तनका कारण पुनः फर्कने सम्भावना कम हुनुका साथै नदीमा हुने प्राकृतिक वातावरणीय परिवर्तनले पनि यसलाई असर पारेको छ ।
घडियाललाई घाम ताप्न आवश्यक पर्छ भने अण्डा पार्न नदीको समथर भाग आवश्यक हुन्छ । किनार नजिक खोलाको छेउतिर बालुवाको ढिस्को वा झाडी भएको स्थानमा यसले अण्डा पार्ने गर्दछ । यसको अण्डा कुखुराको अण्डाभन्दा ठूलो हुन्छ । प्रजननका क्रममा न्यून मात्रामा भाले जन्मने गर्छन् । फागुन–चैततिर पारेका अण्डा बालुवामुनि लुकाएको स्थानबाट मानिसहरूले झिकेर लाने तथा मासु र छालाका लागि गोही मार्नेजस्ता घटनाले घडियाल थप जोखिममा परेको बताइन्छ । घडियालका प्रमुख दुश्मन प्रदूषण र चोरीसिकार रहेको अधिकारीहरूको भनाइ छ । तापक्रमका आधारमा भाले–पोथी निर्धारण हुने भएकाले कम मात्रामा भाले जन्मने गर्दछ ।
चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवम् संरक्षण अधिकृत अविनाश थापामगरले यस वर्ष मङ्सिरमा राप्ती र नारायणी नदीमा गरिएको अवलोकनका क्रममा नौवटा भाले घडियाल भेटिएको बताए । अवलोकनका क्रममा अघिल्ला वर्षको तुलनामा बढी भाले भेटिनुले संरक्षणमा केही सफलता मिलेको उनको भनाइ छ ।
घडियाल तुलनात्मक रूपमा शान्त रहने र नदी तथा किनार छाडेर धेरै टाढा नजाने स्वभावको हुन्छ । घडियाल संरक्षण गर्ने उद्देश्यले सन् १९७८ देखि चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल गोही प्रजनन केन्द्र सञ्चालनमा छ । केन्द्रमा घडियालको संरक्षण तथा प्रजनन गर्दै आइएको छ । केन्द्रमा जन्मिएर हुर्काइएका घडियाललाई हरेक वर्ष प्राकृतिक बासस्थानमा छाड्ने गरिएको छ । पाँच वर्षसम्म संरक्षण केन्द्रमा राखी आफैँ आहार खोज्न र खान सक्ने अवस्थामा पुगेपछि घडियाललाई नदीमा छाड्ने गरिन्छ । प्राकृतिक बासस्थानबाट अण्डा सङ्कलन गरी केन्द्रमा ह्याचिङ गरिएका तीनदेखि पाँच वर्ष उमेर समूहका करिब १.५ मिटर लम्बाइ पुगेका घडियाल प्राकृतिक बासस्थानमा छोड्न योग्य हुने थापा बताउँछन् ।
विशेषगरी चैत–वैशाखमा नदी किनारमा घडियालले पारेका अण्डा सङ्कलन गरी प्रजनन गराउने गरिएको चितवन निकुञ्जको कसरामा रहेको घडियाल गोही प्रजनन केन्द्रकी प्रमुख सुजिता श्रेष्ठ बताउँछिन् । नदी किनारका प्रायः पहरिला र घाम लाग्ने स्थानको बालुवा खोस्रेर एकपटकमा १५ देखि ६० वटासम्म अण्डा पार्ने र ती अण्डा सङ्कलन गरी केन्द्रको कृत्रिम ह्याचरीमा बच्चा उत्पादन गर्ने गरिएको उनले बताए । उनले भनिन्, 'हामीले बेलाबेला यहाँ हुर्काएका घडियाल नदीमा छाड्ने गरेका छौँ । सोमबार कसरास्थित राप्ती नदीमा २० वटा घडियाल छाडियो । यो आर्थिक वर्षमा मात्र ५२ वटा घडियाल प्राकृतिक बासस्थानमा छोडिसकिएको छ ।'
कुन तापक्रममा ह्याच गरियो भन्ने आधारमा घडियालको लिङ्ग निर्धारण हुने उनको भनाइ छ । उनका अनुसार ३०–३२ डिग्री सेल्सियस तापक्रममा ह्याच गरिएका अण्डाबाट भाले घडियाल र कम तापक्रममा ह्याच गरिएका अण्डाबाट पोथी घडियाल जन्मिने गर्छन् । प्रजनन केन्द्रमा विभिन्न उमेर समूहका बच्चा घडियाललाई छुट्टाछुट्टै राख्ने गरिएको छ । केन्द्रमा बच्चा हुर्काउन सजिलो नहुने र बाँच्नेको संख्या कम हुने उनले बताइन् ।
प्रजनन केन्द्रमा हुर्काइएका घडियाल सन् १९८१ देखि देशका विभिन्न नदीमा छाड्न थालिएको हो । निकुञ्जले प्राकृतिक वातावरण अनुकूल भएकाले बढी राप्ती र नारायणी नदीमा घडियाल छाड्दै आएको छ । साथै केन्द्रमा हुर्किएका घडियाल सप्तकोसी, बबई, कर्णाली र कालीगण्डकी नदीमा समेत छाडिएको छ । तर अवलोकनका क्रममा राप्ती र नारायणी नदी बढी उपयुक्त देखिएका छन् ।
प्रजनन केन्द्रमा हुर्काएर नदीमा छाडिएका घडियालमध्ये थोरैमात्र जीवित रहने गरेको पाइएको छ । नदीमा छाडिएका कतिपय घडियाल हराउने, केही बाढीले बगाएर भारततर्फ पुग्ने तथा केही विभिन्न कारणले मर्ने गरेका छन् । नदी प्रणालीमा रहेका घडियाल माछा मार्न प्रयोग हुने तियारी जालमा अल्झिएर मर्ने समस्या विकराल बन्दै गएको छ । निकुञ्ज र संरक्षणकर्मीले बर्सेनि जालमा बेरिएका घडियालको उद्धार गर्दै आएको श्रेष्ठले बताए ।
यस वर्ष मङ्सिरमा गरिएको गोही गणना तथा अवलोकनका क्रममा राप्ती र नारायणी नदीमा जम्मा ३ सय ६६ वटा घडियाल भेटिएका छन् । तीमध्ये नौवटा भाले रहेका छन् । अघिल्ला वर्षको तुलनामा भाले घडियालको संख्या बढ्नु सकारात्मक सङ्केत भएको संरक्षण अधिकृत थापा बताउँछन् । थापाका अनुसार प्रजनन केन्द्रमा हुर्केका घडियाल हालसम्म देशका विभिन्न नदीमा गरी दुई हजार १ सय ४२ घडियाल छाडिएका छन् । गत आर्थिक वर्षमा विभिन्न नदीमा १ सय ३३ घडियाल छाडिएको थियो । नदीमा छाडिएका कतिपय घडियाल बाढीले बगाएर लैजाने भएकाले अपेक्षाकृत रूपमा संख्या बढ्न नसकेको उनको भनाइ छ ।
हाल प्रजनन केन्द्रमा ७ सय १७ वटा घडियाल रहेका छन् । जसमध्ये ६ सय ५९ बच्चा, २८ अर्धबयस्क र ३० बयस्क छन् । केन्द्रमा हाल एउटा मात्र परिपक्व भाले घडियाल छ । गत वर्ष केन्द्रमा २३२ अण्डा सङ्कलन गरिएकामा २ सय २ अण्डा ह्याच भएका थिए । 'अब भालेको संख्या बढाउने विषयमा छलफल भइरहेको छ । दिगो प्रजनन र सङ्ख्या वृद्धि आवश्यक छ,' थापाले भने । केन्द्रको वातावरण जङ्गली अवस्थासँग पूर्ण रूपमा मेल नखाँदा प्राकृतिकजस्तो गुणस्तरीय अण्डा उत्पादनमा समस्या देखिने गरेको छ ।
विगतमा पाकिस्तान, बङ्गलादेश, भुटान र म्यान्मारलगायत देशमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्र सीमित भएका छन् । सन् १९४० को दशकमा विश्वमा करिब १० हजार रहेको घडियालको संख्या सन् १९७० सम्म आइपुग्दा दुई प्रतिशतमा झरेपछि संरक्षणमा चासो बढ्दै गएको हो । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण र माछा मार्ने गतिविधिका कारण घडियालको प्राकृतिक बासस्थान सङ्कटमा परेको छ । रासस

# ऊर्जामन्त्री कुलमान घिसिङले दिए राजीनामा



**काठमाडौँ ।**
ऊर्जामन्त्री मन्त्री कुलमान घिसिङले प्रधानमन्त्री सुशीला कार्कीलाई राजीनामा बुझाएका छन् । बुधबार राति प्रधानमन्त्री निवास बालुवाटार पुगेर ऊर्जामन्त्री घिसिङले प्रधानमन्त्री कार्कीसमक्ष राजीनामा पत्र बुझाएका हुन् ।
उनी भदौ ३० गते ऊर्जामन्त्री नियुक्त भएका थिए । उनलाई भौतिक योजना तथा यातायात र सहरी विकास मन्त्रालयको पनि जिम्मेवारी दिइएको थियो । घिसिङ राजनीतिमा लागेपछि प्रधानमन्त्री सुशीला कार्कीले मार्गप्रशस्त गर्न भनेकी थिइन् ।
पुस १४ गते राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङबीच ७ बुँदे सहमति भएको थियो ।
उनीहरूबीच आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सँगै जाने सहमति भएको थियो । घिसिङ रास्वपाको दोस्रो वरीयताको नेतासहित उपसभापति हुने सहमति भएको थियो ।

# शंखरापुर दुर्घटनामा चार जनाको मृत्यु

**काठमाडौँ ।**
काठमाडौँको शंखरापुर नगरपालिका–३ स्थित फेरी जङ्गलमा बुधबार साँझ भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या चार पुगेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले चार जनाको मृत्यु पुष्टि भएको र अन्य २२ जना घाइते भएको जानकारी दिए । मृतकको सनाखत हुन सकेको छैन ।
वनभोज खाएर फर्किएको बा४ख ८७८८ नम्बरको बस दुर्घटनामा हुँदा उनीहरूको मृत्यु भएको उनले बताए । साँझ ६ बजेतिर बस दुर्घटना भएको थियो । दुर्घटनामा २२ जना घाइते भएका छन् । उनीहरूको काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।
उनीहरूको नेपाल मेडिकल कलेज, शंखरापुर अस्पताल, मूलपानी नगर अस्पतालमा र सुष्मा कोइराला अस्पताल सउपचार भइरहेको छ । बसमा ४० जनाजति सवार रहेका जनाइएको छ ।
'नेचर हर्व' संस्थाका कर्मचारी वनभोज खाएर आएको बस दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

# लागुऔषध गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको ठोरी गाउँपालिका वडा नं. ३ ब्रह्मनगरमा प्रहरीले विशेष सुचनाको आधारमा छापा मार्दा ठूलो मात्रामा लागु औषध गाँजा बरामद गरेको छ ।
प्रहरीका अनुसार, छिरिङ दोङ नामका ४२ वर्षीय व्यक्तिको घर र वरिपरि कच्ची खेतमा खोजतलास गर्दा माथिल्लो तल्लाको कोठाभित्र निलो प्लाष्टिकमा छिपाइएका ९५० ग्राम गाँजा र १५ पोकामा करिब १५७ के.जी. गाँजा फेला परेको छ ।
पक्राउ कार्य जारी रहेको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ । प्रहरीले गाँजा भण्डारण गरी विक्री गर्ने आरोपीलाई खोजतलास गरिरहेको बताइएको छ ।

# मधेशमा रास्वपाको विगत कमजोर मजबुत...

महानगरपालिकाका नगरप्रमुख बालेन साहको पैतृक गृह जिल्ला महोत्तरीबाट रास्वपाले जम्मा दुई हजार ४ सय २४ मत प्राप्त गर्‍यो । महोत्तरी–१ मा खेमकुमारी भुर्तेल दुई हजार ६४ मत ल्याएर पाँचौँ स्थानमा रहँदा महोत्तरी–२ मा पवनकुमार झाले ३ सय ६० मत मात्र प्राप्त गरे ।
सर्लाहीमा रास्वपाले चार वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएर सात हजार ७ सय ४ मत प्राप्त गरेको थियो । क्षेत्र नम्बर ३ बाट पञ्चबहादुर सिङ्तानले तीन हजार ५ सय ६६ मत ल्याउँदै चौथो स्थान हासिल गरे भने क्षेत्र नम्बर १ बाट रामदुलार महतो तीन हजार २ सय ५३ मत ल्याएर पाँचौँ स्थानमा सीमित भए । क्षेत्र नम्बर २ मा जयकरण महतो आठौँ र क्षेत्र नम्बर ४ मा धिरजकुमार नवौँ स्थानमा सीमित भए ।
रौतहटका तीन निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको रास्वपाले तीन हजार ४५ मत प्राप्त गर्‍यो । क्षेत्र नम्बर १ मा सूर्यदेव प्रसाद कोइराला १०औँ स्थानमा सीमित भए भने क्षेत्र नम्बर ३ मा नवीनप्रसाद चौरसिया एक हजार ६ मत र क्षेत्र नम्बर ४ मा राजनारायण साह एक हजार ८ सय ७६ मत ल्याउँदै पाँचौँ स्थानमा रहे ।
मधेश प्रदेशका आठ जिल्लामध्ये रास्वपाले सबैभन्दा बढी मत बाराबाट १० हजार ७ सय ८२ प्राप्त गरेको थियो । बारा–१ मा गणेश धिताल तीन हजार ३ सय १९ मतसहित तेस्रो स्थानमा रहे भने बारा–३ र ४ मा सुरेन्द्र शर्मा र पवन चौधरी क्रमशः चौथो स्थानमा सीमित भए । पर्सामा रास्वपा सबैभन्दा कमजोर देखिएको छ । दुई वटा क्षेत्रमा उम्मेदवारी दिएको पार्टीले जम्मा एक हजार ८ सय ९४ मत मात्र प्राप्त गर्‍यो । पर्सा–२ मा दीपराज पटेल चौथो र पर्सा–३ मा अशोक कँडेल पाँचौँ स्थानमा सीमित भए ।
समग्रमा हेर्दा २०७९ को निर्वाचनमा मधेश प्रदेशमा रास्वपाको संगठनात्मक कमजोरी र स्थानीय आधार अभाव स्पष्ट देखिएको छ । राजनीतिक विश्लेषक श्रीमन नारायणका अनुसार जेन्जी आन्दोलनपछि मधेशमा रास्वपाप्रति केही आकर्षण बढे पनि त्यसले चुनावी नतिजामा ठोस प्रभाव पार्न सकेन । उनका अनुसार मधेशमा रास्वपाको संगठन सुदृढ छैन, उम्मेदवार चयन स्पष्ट छैन र स्थानीय मुद्दासँग पार्टीको उपस्थिती नजोडिएको अवस्थामा मधेशी मतदाताबाट अपेक्षित समर्थन प्राप्त गर्न कठिन देखिन्छ ।

# प्रत्यक्ष चुनावलाई बिट मार्दै राष्ट्रिय सभातिर...

कांग्रेस र एमालेको समर्थनसमेत जोडिँदा ठाकुरको राष्ट्रिय सभामा प्रवेश लगभग सुनिश्चित देखिन्छ ।
महन्थ ठाकुरले २०४८ सालको आमनिर्वाचनमार्फत संसदीय राजनीतिमा प्रवेश गरेका थिए । कांग्रेसबाट सर्लाही क्षेत्र नम्बर ५ बाट विजयी हुँदै संसद पुगेका उनी त्यसपछि उपसभामुख बने ।
२०५१ सालको मध्यावधि निर्वाचनमा पुनः सर्लाहीबाट निर्वाचित भएका ठाकुर कृषि, कानून, विज्ञान तथा प्रविधिजस्ता महत्वपूर्ण मन्त्रालय सम्हालिसकेका छन् ।
२०६४ सालमा कांग्रेसका कोषाध्यक्ष रहँदै पार्टी परित्याग गरेपछि ठाकुरको राजनीतिक यात्राले नयाँ मोड लियो । उनकै नेतृत्वमा तराई–मधेश लोकतान्त्रिक पार्टी गठन भयो, जसले दोस्रो मधेश आन्दोलनलाई राजनीतिक उचाइमा पुर्‍यायो । संविधानसभा निर्वाचनमा उनले कांग्रेसको परम्परागत गढ मानिने सर्लाहीबाट प्रतिस्पर्धा गरे पनि सफलता हात पार्न सकेनन् । दोस्रो संविधानसभा निर्वाचनमा पराजय बेहोरेपछि उनले आफ्नो राजनीतिक आधार महोत्तरीतर्फ सारे ।
२०७९ सालको निर्वाचनमा महोत्तरीबाट विजयी हुँदै ठाकुर पुनः संसदमा फर्किएका थिए । उतारचढावपूर्ण राजनीतिक जीवनका कारण उनी बारम्बार राष्ट्रिय राजनीतिका निर्णायक क्षणमा केन्द्रमा देखिँदै आएका छन् । कांग्रेस नछाडेको भए देशको पहिलो राष्ट्रपति हुनसक्ने नेतामध्ये ठाकुर अग्रपंक्तिमा रहने चर्चा कांग्रेस वृत्तमा आज पनि सुनिन्छ ।
झन्डै दुई तिहाइ बहुमतको सरकार बनेपछि तत्कालीन नेकपा विभाजनतर्फ जाँदा मुलुकको राजनीति फेरि अस्थिर बनेको थियो । त्यतिबेला ठाकुर दुवै प्रमुख शक्ति केन्द्रका लागि आकर्षणको पात्र बने । एकातिर ओली नेतृत्वको सरकारमा सहभागी हुने प्रस्ताव थियो भने अर्कोतर्फ कांग्रेसले उनलाई प्रधानमन्त्रीको विकल्पका रूपमा अघि सारेको चर्चा पनि व्यापक थियो । परिस्थितिले साथ दिएको भए उनी देशको सर्वोच्च कार्यकारी पदसम्म पुग्न सक्ने सम्भावना रहेको राजनीतिक वृत्तमा चर्चा हुने गरेको छ ।



सप्तरीमा हुस्सुः हुलाकी राजमार्ग अन्तर्गत सप्तरीको राजविराज–१० स्थित खाडो नदी नजिक बुधवार बिहान हुस्सुले ढाकेको आसपासको क्षेत्र ।

# अवैधानिक नियुक्ति विरुद्ध हरिखेतान क्याम्पसमा लगातार प्रदर्शन




**हरिशंकर शर्मा**
**वीरगंज ।**
हरिखेतान बहुमुखी क्याम्पसमा सुस्मिता यादवको नियुक्तिसँगै चर्को विवाद उत्पन्न भएको छ । उक्त नियुक्तिलाई लिएर क्याम्पस व्यवस्थापन पक्ष विरुद्ध आइतरबादेखि नै विद्यार्थीहरु आन्दोलनमा छन् ।
आन्दोलनलाई समर्थन गर्दै हरिखेतान प्राध्यापक संघ, कर्मचारी युनियन तथा विद्यार्थीहरू संयुक्त रूपमा आन्दोलनमा उत्रिएका छन् ।
अवैधानिक नियुक्तिको विषयलाई लिएर विद्यार्थीहरुले आइतबारदेखि विरोध प्रदर्शन गर्नुको साथै पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत बुझाएका थिए तर कुनै समाधान नभएपछि बुधबार हरिखेतान प्राध्यापक संघ, कर्मचारी युनियन तथा विद्यार्थीहरू संयुक्त रूपमा आन्दोलनमा उत्रिएका हुन् ।
हरिखेतान प्राध्यापक संघका अध्यक्ष धमेन्द्र यादवले सुस्मिता यादवको नियुक्ति अवैधानिक रहेको दाबी गर्दै त्यसलाई स्वीकार गर्न नसकिने स्पष्ट पारेका छन् । उनका अनुसार सामुदायिक प्रकृतिको क्याम्पस हुँदाहुँदै पनि खेतान परिवारले विधान संशोधन गरी क्याम्पसलाई निजीकरणतर्फ लैजाने गम्भीर प्रयास गरिरहेको छ, जुन क्याम्पसको मूल मर्म र सामुदायिक भावनाविपरीत रहेको उनले बताए ।
अध्यक्ष यादवले आफ्नो स्वार्थ पूरा गर्न खेतान परिवारले नियोजित रूपमा विवाद सिर्जना गरेको आरोप पनि लगाए । यादवको नियुक्तिसँगै विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरू आन्दोलनमा उत्रिएको र क्याम्पसको शैक्षिक वातावरण प्रभावित भएको जनाइएको छ ।
विद्यार्थीहरूको भविष्यसँग खेलवाड भइरहेको भन्दै अभिभावकहरू समेत चिन्तित बनेका छन् । अध्यक्ष यादवका अनुसार क्याम्पसले गरिब तथा जेहनदार विद्यार्थीहरूलाई आवश्यक छात्रवृत्ति नदिने र आफ्नै मनपरी ढङ्गले वितरण गर्ने गरेको गुनासो पनि बढ्दै गएको छ ।
यसैबीच, प्राध्यापक संघकी उपाध्यक्ष प्रीतिकुमारी सिंहले निजी विधान तत्काल खारेज गरी सामुदायिक क्याम्पसको मर्मअनुसार नयाँ विधान निर्माण गर्नुपर्ने माग राखेकी छन् । खेतान परिवारले पटक पटक क्याम्पस प्रमुख, लेखापाल तथा प्रशासन प्रमुख परिवर्तन गर्दा अध्ययनरत विद्यार्थीहरू मानसिक तनावमा परेको अभिभावकहरूको भनाइ छ ।
'सामुदायिक क्याम्पस भनेर विश्वास गरेर छोराछोरी भर्ना गर्‍यौँ, तर अहिले क्याम्पसकै कारण विद्यार्थीहरू अन्योलमा परेका छन्,' एक अभिभावकले चिन्ता व्यक्त गरे । क्याम्पसभित्र देखिएको यो विवादले शैक्षिक गतिविधि प्रभावित हुन थालेको र समस्याको दीर्घकालीन समाधान आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

# धनुषा र महोत्तरीबाट छ हजार क्विन्टलभन्दा बढी धान खरिद

**धनुषा ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेश प्रदेश कार्यालय जनकपुरधामले धनुषा र महोत्तरीका किसानबाट हालसम्म छ हजार २ सय ७५ क्विन्टल सोना मन्सुली धान खरिद गरेको छ । कार्यालयले गत मङ्सिर २८ गतेदेखि धान खरिद शुरु गरेको हो ।
हालसम्म छ हजार २ सय ७५ क्विन्टल धान खरिद भइसकेको जनाउँदै धनुषा र महोत्तरीका अधिकांश किसानले धान बिक्रीका लागि नाम दर्ता गराएका कार्यालयका वरिष्ठ सहायक जयकिशनप्रसाद चौधरीले जानकारी दिए ।
कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको उनले बताए । धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामा पठाउने व्यवस्था गरेको छ ।
कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाका अनुसार कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म किसानले ल्याएका धान खरिद भइरहेको छ ।
हालसम्म धनुषा र महोत्तरीका १ सय ६५ जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरिसकेका उनले जानकारी दिए ।
धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका बढी रहेका उनले बताए । कम्पनीका अनुसार दैनिक पाँचदेखि १५ जना किसानको धान खरिद भइरहेको छ ।
कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिए ।
सरकारले यस वर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार छ रुपैयाँ ३३ पैसा तोकेको छ । धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयका गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले बताए ।

# महोत्तरीमा ३७ नयाँ मतदान केन्द्र

**महोत्तरी ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीमा ३७ वटा मतदान केन्द्र थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लामा २ सय ५८ वटा मतदानस्थल तोकिएका छन् ।
जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा ५ सय ३६ वटा मतदान केन्द्र कायम गरिएको जानकारी दिए । उनका अनुसार यसअघि जिल्लामा ४ सय ९९ वटा मतदान केन्द्र रहेकामा ३७ थप गरी ५ सय ३६ पुर्याइएको हो ।
चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीको निर्वाचन क्षेत्र नं १ मा ५९ वटा मतदानस्थल र १ सय ३० वटा मतदान केन्द्र कायम भएका छन् । त्यस्तै निर्वाचन क्षेत्र नं २ मा ६२ मतदानस्थल र १ सय ३३ वटा मतदान केन्द्र कायम गरिएको झाले उल्लेख गरे ।
निर्वाचन क्षेत्र नं ३ मा ७७ मतदानस्थल र १ सय ४२ वटा मतदान केन्द्र कायम गरिएको छ भने निर्वाचन क्षेत्र नं ४ मा ६० मतदानस्थल र १ सय ३१ वटा मतदान केन्द्र कायम गरिएको निर्वाचन अधिकारी झाले बताए उनका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लाबाट चार लाख ३१ हजार २ सय ८२ जना मतदाताले मतदान गर्नेछन् ।

# अभिभावक संघको स्थापना दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्रिय अभिभावक संघको २४ औँ स्थापना दिवस वीरगञ्जमा सभ्य तथा भव्य रूपमा मनाइएको छ । 'देशभरका अभिभावक एक होऔँ, गुणस्तरीय शिक्षा आम अभिभावकहरूको अपेक्षा' भन्ने मूलमन्त्रका साथ वीरगंज–४ बिर्ता बजारस्थित धर्मशालाको सभाहलमा कार्यक्रम आयोजना गरिएको हो ।
नेपाल राष्ट्रिय अभिभावक संघ पर्सा जिल्ला समिति र वीरगंज महानगर समितिको आयोजनामा सम्पन्न कार्यक्रममा वीरगंज महानगर समितिका अध्यक्ष हृदयमोहन लाल दासको अध्यक्षता तथा पूर्व प्रधानाध्यापक शत्रुघ्न गिरीको प्रमुख आतिथ्य रहेको थियो ।

# सामुहिक छुरा प्रहार गर्नेहरुको खोजी कार्य शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १६ मा दुई जना किशोरमाथि सामूहिक छुरा प्रहार गर्ने समूहका व्यक्तिहरूको पहिचान खुलेको छ । छुरा प्रहारबाट सोही वडाका सुरज महतो र विकास कुमार महतो घाइते भएका छन् ।
उनीहरूलाई सोही वडाका तीन जना युवकले छुरा प्रहार गरेर फरार भएको कुरा प्रहरीको अनुसन्धानबाट खुलेको हो । छुरा प्रहार गरि फरार हुनेहरूमा सोही वडा निवासी विक्की पटेल, मोनु श्रीवास्तव र सोनु कुमार रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता, प्रहरी नायव उरिक्षक राजु कार्कीले बताए ।
फरार अभियुक्तहरूको प्रहरीले खोजी गरिरहेको छ । घाइते किशोरहरूका अनुसार उनीहरू आगो ताप्दै बसेको बेला समूहमा आएका व्यक्तिहरूले अकस्मात छुरा प्रहार गरेका हुन् । पुरानो रिसइवीका कारण आक्रमण भएको प्रहरीको ठहर छ । घटनापछि दुवैलाई उपचारका लागि वीरगंजस्थित नारायणी अस्पतालमा भर्ना गरिएको छ ।
हाल घाइतेहरू अवस्था सामान्य रहेको अस्पतालका चिकित्सकहरूले बताएका छन् ।

# जन्मदर्ता नहुँदाको पीडा भोग्दै १७ वर्षीय विवेक

**सर्लाही ।**
जिल्लाको हरिवन नगरपालिका–१ लिचीटोल निवासी विवेक परियार १७ वर्ष लागे । लाउलाउँ खाउखाउँ उमेरका उन अहिले आफूसहित चार परिवारका एक्ला नाबालक अभिभावक छन् ।
बिहान सबेरैदेखि राति अबेरसम्म ज्याला मजदुरी गरेर परिवारको भरणपोषण गर्नु उनको दैनिकी बनेको छ । पचहत्तर वर्षकी जिजुहजुरआमा अतिरुपा, ६० वर्षकी हजुरआमा फूलमाया र १५ वर्षकी बहिनी बिविकाको जिम्मेवारी एक्ला नाबालक विवेकको काँधमा आइपरेको छ ।
चार वर्षको उमेरमै आमाले छाडेर गएपछि विवेकका दाजु बहिनी टुहुरो बन्नुपर्यो । मामाघरतर्फको हजुरआमाको शरणमा हुर्किएका विवेकले कक्षा ३ सम्म गाउँ नजिकैको आधारभूत विद्यालयमा अध्ययन गरे । तर भर्ना गर्न जन्मदर्ता नभएपछि पढाइ छाड्नुपरयो । चुरेको काखमा लगभग १० धुर ऐलानी जग्गा चर्चेर विवेकको परिवार बसिरहेका छन् । टाउको लुकाउन बनाएको टिनको सानो छाप्रोबाहेक सम्पत्तिका नाममा केही पनि छैन ।



बाल्यकाल निकै सङ्घर्षमा बिताउनुभएका विवेकले गाउँमै साहुको ट्र्याक्टरमा बालुवा लोड गर्ने कामबाट मजदुरी शुरु गरे । अहिले उन एउटा कुशल ट्र्याक्टर चालक बनिसकेका छन् । तर, आफू जन्मेहुर्केको देशमा अनागरिक बन्नुपर्दा सीपसमेत बेकार बनेको छ । 'निकै दुःख गरेर एउटा सीप सिकेको थिएँ, लाइसेन्स बनाउन पाए यसैको सहाराले परिवारको भरणपोषण गर्ने थिएँ । कागजात नहुँदा ट्र्याक्टर चलाएर परिवार पाल्ने सपना पनि अधुरो हुने भयो,' उनले सुनाए ।
'विवेकको आमाले सानैमा छाडेर गइन्,' विवेकका जिजूहजुरआमा अतिरुपाले भनिन्, 'बुबाको पनि अत्तोपत्तो छैन । केही समय पहिला ज्वाइँ आइपुग्नुभएको थियो । सोधीखोजी गरेका थियौँ । उनकै केही कागजात बनेको रहेनछ । त्यसपछि फेरि त्यसै हराउनुभयो ।' विवेकका हजुरबुबाको पनि कुनै कागजात फेला नपरेको अतिरुपाको भनाइ छ । कागजात भएका घरतर्फका आफन्त कोही फेला नपरेका कारण दुई पनाति पनातिनीको भविष्य नै अन्धकार बनेको उनले दुखेसो पोखिन् ।
विवेककी हजुरआमा बोल्न सक्दिनन् । जन्मजातै फरक क्षमताकी हुन् । जिजूहजुरआमा पनि वृद्ध भइसकिन् । बहिनीको भविष्यको चिन्ताले विवेकलाई सताइरहन्छ । ज्याला मजदुरी गरेरै भए पनि बहिनीलाई ठूलो मान्छे बनाउने उनको सपना छ । तर, परिस्थितिले देशको नागरिकसम्म बन्ने हैसियत दिएन–दुई दाजुबहिनीलाई । एकपटक जन्मदर्ताका लागि स्थानीयवासीको सल्लाहमा दाजुबहिनी वडा कार्यालयसम्म पुगे पनि कुनै प्रमाण नभएको भन्दै त्यसै फर्कनुपरेको उनीहरूको गुनासो छ ।
विवेकले जेनतेन बहिनी बिविकालाई हरिवन नगरपालिका–१ पटौनामा रहेको पटौना आधारभूत विद्यालयमा पढाएका छन् । कक्षा ७ मा पढ्ने बिविकालाई अर्को वर्ष कक्षा ८ मा अनिवार्य भर्ना गर्नुपर्छ भन्दै विद्यालयले जन्मदर्ता मागेको छ । तर, कसरी जन्मदर्ता बन्छ भन्ने केही थाहा छैन, उनले सुनाए । बहिनीले पनि आफूले जस्तै पढाइ छाड्नुपर्ने हो कि भन्ने उनलाई चिन्ता छ । आफू र बहिनीको जन्मदर्तामात्र बने पनि अलपत्र बन्नु पर्दैन थियो भन्ने उनलाई लागेको छ । आफ्नो र बहिनीको जन्मदर्ताका लागि पहल गरिदिन उनले आग्रहसमेत गरे ।
अर्कातर्फ विवेकको परिवारले प्रयोग गरिरहेको सानो बाँससमेत जीर्ण बनेर ढलेपछि अहिले परिवारलाई थप समस्या भएको छ । जसले गर्दा अहिले टाउको लुकाउने ठाउँसमेत नभएको उनले सुनाए । छिमेकीकोमा शरण लिएर बस्नुपरेको भन्दै विवेकले पुरानो घर भएको ठाउँमा ऋणधन गरेर भए पनि एउटा घर बनाउने सपना रहेको बताए । तर, काम गरेर तिर्छु भन्नलाई समेत कुनै कागजात नहुँदा ऋण पाउने आशा नरहेको उनको दुखेसो थियो ।
निकै इमानदार र मेहेनती विवेकको परिवारले उनैको भरथेगमा गुजारा गरिरहेको स्थानीय सुवास श्रेष्ठले बताए । पढाइलेखाइ गर्न नपाएका विवेकले ट्र्याक्टर चलाउन सिकेर जीविका चलाउने आधार बनाए पनि पूरा गर्न नसकेको उनको भनाइ थियो । विद्यमान कानूनी व्यवस्थाका कारण उनको जन्मदर्ता बन्न नसक्दा उनीसहित उनको भावी पिँढीले समेत अनागरिकको जीवन बाँच्नुपर्ने अवस्था देखिएको भन्दै दुःख व्यक्त गरे ।
विवेकको समस्याका विषयमा वडाका तर्फबाट हुनेसम्म गर्न आफू तयार रहेको वडाध्यक्ष टमबहादुर घिसिङले बताए । नाबालक र नाबालिकाको जन्मदर्ताका विषयमा आफूले वडासचिवसँग नियमित कुराकानी गरेर कानूनी प्रक्रियाअनुसार निकासका लागि पहल गरिरहेको उनले बताए । 'कानूनले दिएको दायरमा रहेर उनहरूको कागजात बनाउने कुरामा पहल गरिरहेको छु,' वडाध्यक्ष घिसिङले भने । रासस

# अवैध सेवा शुल्क रोक्न सिडिओको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा उखु किसानसँग अवैध रूपमा लिइएको सेवा शुल्क रोक्न जिल्ला प्रशासन कार्यालय पर्साले निर्देशन दिएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साका अनुसार उखु उत्पादन किसान संघ, पर्साले दिएको निवेदनका आधारमा उखु किसानहरूले उत्पादन गरेको उखु ढुवानी गर्दा वीरगंज महानगरपालिकाले पटके सवारी व्यवस्थापन सेवा शुल्क लिएको विषयमा गुनासो आएको हो । प्रशासन कार्यालयले उक्त शुल्क कानूनविपरीत भएको ठहर गर्दै कानूनबमोजिम नउठाउन तथा आवश्यक कारबाही गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई निर्देशन दिएको छ ।
साथै, वीरगंज महानगरपालिकालाई आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध गरिएको छ । यस सम्बन्धमा सम्बन्धित निकायलाई कानूनअनुसार कार्यान्वयन गर्न आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

सम्पादकीय

# सामान्यतर्फ फर्किएको वीरगंजको जनजीवन

सर्वदलीय–सर्वपक्षीय बैठकले विगत केही दिनदेखि वीरगंजमा भइरहेको विरोध प्रदर्शनका सम्बन्धमा सहमति भई टुङ्गो लगेपछि बुधबार बिहानदेखि वीरगंजको जनजीवन सामान्य बनेको छ। लगातार दुई दिनदेखि विरोध प्रदर्शनका कारणले यहाँ 'कफ्र्यू' जारी गरिएको थियो।

मङ्गलबार बेलुकादेखि भने यहाँका बजार छिटछुट रूपमा खुले पनि बुधबारदेखि जनजीवन सामान्यतर्फ अघि बढेको छ । यहाँका विद्यालय, बजार, उद्योगधन्दा तथा कलकारखाना पनि पूर्णमा रूपमा सञ्चालनमा आएका छन्। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले वीरगंजको जनजीवन सामान्य बन्दै गइरहेको बताए । सर्वदलीय तथा सर्वपक्षीय बैठकमा सहमति जुटेसँगै यहाँको जनजीवन सामान्य भइरहेको हो।

सामाजिक र धार्मिक आस्थासँग जोडिएको विषयमा दुई समुदायबीच विवादको अवस्था सिर्जना हुनसक्ने भएकाले सम्भावित जोखिमलाई मध्यनजर गरेर शान्ति सुरक्षा कायम राख्न कफ्र्यू आदेश जारी गर्नु परेको बताए। सम्भावित जोखिम हुन नदिन र अवस्था सामान्य बनाउन सोमबारदेखि यहाँ कफ्र्यू लगाइएकामा सर्वपक्षीय बैठकमा सहमति जुटेसँगै कफ्र्यू हटाइएको हो।

स्थानीय प्रशासनले लगाउँदै आएको कफ्र्यू हटाइएसँगै वीरगंजको बजारमा सर्वसाधारणको चहलपहल देखिएको छ भने वीरगंजको मेनरोडमा रहेका पसल सञ्चालनमा आएका छन् । यस्तै रिक्सा, टाँगा, मोटरसाइकल तथा अन्य सवारीसाधन पनि पूर्ववत् रुपमा चलिरहेका छन् । जिल्ला प्रशासन कार्यालयको अगुवाइमा मङ्गलबार बसेको सर्वदलीय–सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको कफ्र्यू मङ्गलबार दिउँसो ३ बजेदेखि हटाइएको थियो । वीरगंजमा फेरि यस्तो अशान्ति नहोस् भनेर सबैको कामना पनि छ । यसपटक पनि यको मूलजरो वीरगंज थिएन। तर वीरगंजमा तनाव मात्रै भयो।

# अरनिको नेपालका गहना



प्रा डा तीर्थप्रसाद मिश्र

अरनिको नेपालको छवि विश्वभर उजिल्याउने र नेपाली मनमन्दिरमा विराजमान कहिल्यै ननिभ्ने बत्ती हुन्। यिनैको आरती र अर्चना गरी उनको व्यक्तित्व र योगदान विषयमा स्तुति गरी श्रद्धा गर्ने दिवस हो, अरनिको जयन्ती । यथार्थमा नै सबै नेपालीले श्राद्ध (श्रद्धापूर्वक गरिने कार्य) गर्ने पितृ (पुर्खा) तिनै महामानव हुन्, जसको सन्दर्भ नेपालको गौरवमय अतीतसँग प्रत्यक्ष रूपमा गासिएको छ । नेपाल र चीनमा समेत हरेक वर्ष पुस २३ गते विशेष महत्वका साथ अरनिको दिवस मनाइने परम्परा २०५८ सालबाट थालनी भएको हो।

नेपाललाई तिब्बत, चीन, मङ्गोलिया, इन्डोनेसियासम्म चिनाउने अरनिको एक महान् चित्रकार, कलाकार, वास्तुकलाविद् थिए, जसको कलाकारिताबिना वास्तुकलाको इतिहास नै अधुरो र अपुरो रहन्छ। यस्ता महान् धर्तीपुत्रको कार्य र योगदान विषयमा प्रकाश पार्ने नेपाली वाङ्मयका श्रेष्ठ व्यक्तित्व सत्यमोहन जोशी र अन्वेषक मीनबहादुर शाक्यप्रति सम्मान र सराहना गर्न पनि कन्जुस्याइँ गर्नु हुँदैन। चिनियाँ स्रोतको अध्ययन, विश्लेषण र स्थलगत अवलोकनका आधारमा जोशीले र उनको चित्र अन्वेषण गर्ने शाक्यहरूले जागर नचलाएको भए अरनिको इतिहासकै गर्भमा हराउने थिए।

नेपालको प्रसिद्धि तिब्बत र चीनमा पु¥याई ती देशहरूसँग घनिष्ठता गराउने नेपाली राजकुमारी भृकुटी विषयमा जस्तै यी महान् कलाकार अरनिको विषयमा नेपालमा ऐतिहासिक सामग्री किन मौन भए भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ खोज्ने बेला आएको छ। चीनमा पुगेर प्रसिद्धि कमाउने अरनिकोका विषयमा चर्चा गर्दा नेपाल भोट चीन सम्बन्धको पूर्वसन्दर्भलाई पृथक राख्न सकिँदैन।

नेपालको सम्बन्धमा उत्तरका मुलुक खासगरी भोट र चीनसँग घनिष्ठता ल्याउने सर्वाधिक महत्त्वपूर्ण भूमिका बौद्ध धर्मले निर्वाह गरेको सर्वविदित तथ्य हो। शान्तिभद्र, अनन्तश्री, जेत कर्ण, सुमन कीर्ति, शान्तिश्रीजस्ता बौद्ध धर्मका पण्डित नेपालबाटै भोट पुगेका थिए। यसैगरी पद्मसम्भव पनि नेपाल भएरै भोट पुगी मानसम्मान पाउन सफल भए।

यसैगरी नेवारी पण्डित महान् ज्ञानी (स्थानीयले दिएको नाम ग्रेटमर्सी तर खास नाम अज्ञात)ले त भोटबाट फर्कदा एक हजार औँस सुन दक्षिणा नै पाएका थिए। सातौँ शताब्दीमा नै कुती र केरुङ मार्ग प्रचलनमा आएपछि चीनका भारत भ्रमण गर्ने तीर्थयात्री एवम् भिक्षुहरू नेपाल भएर नै जाने आउने गरेका दृष्टान्त पाइन्छन्। सोही शताब्दीमा नै नेपाली राजकुमारी भृकुटीले ल्हासामा झोकाङ मन्दिर निर्माण गराएकी थिइन् । उक्त मन्दिरको निर्माण नेपाली कालिगडहरूले गरेको अनुमान गरिएको छ। सोही समयदेखि नेपाली कालिगड, कलाकार, वास्तुकलाविद् जस्ता जनशक्तिको माग भोटमा हुने गरेको थियो। भोटमा रहेको प्रसिद्ध साक्या(स्याक्या) गुम्बाहरू बौद्ध धर्मालम्बीका लागि आकर्षणको केन्द्र थियो र नेपालका भिक्षु बाँडाहरूलाई उक्त गुम्बा गन्तव्यस्थल थियो।

तेह्रौँ शताब्दीमा चीनलाई आफ्नो हातमा नचाउन सफल चङ्गेज खाँ समेत साक्या गुम्बा र सम्बन्धित धार्मिक मठबाट निकै प्रभावित भएका थिए। यिनै चङ्गेजका नाति कुब्लाई खाँ सर्वत्र दिग्विजय गरी शक्तिशाली बादशाह हुन पुगेका थिए । उनले साक्या गुम्बाका सङ्घनायक नाम गरेका व्यक्तिसँग बौद्ध धर्मदर्शनको दीक्षा लिए। यिनै कुब्लाई खाँको आदेशमा साक्या गुम्बाका प्रमुखले सोही स्थानमा सुवर्ण चैत्य निर्माण गर्न नेपालका राजालाई सयजना वास्तुकलाकार–शिल्पकार पठाइदिन अनुरोध गरे । सोहीअनुसार नेपालका मल्ल राजा जयभीम मल्ल (अनन्त मल्ल) ले कालिगडको एक टोली भोट पठाइदिए । यस टोलीको नेतृत्व अरनिकोले गरेका थिए।

अरनिकोले नेपालमा छँदा नै वास्तुकलाका विविध पक्षमा दक्षता हासिल गरिसकेका थिए भन्ने अनुमान हुन्छ । नेपालबाट जाने सबै कालिगडहरू नेवार समुदायकै बौद्धमार्गी भएको अनुमान गर्न सकिन्छ। यी नेपाली कलाकारहरू नेपालको कुन स्थानबाट कुन कुन सर्तमा केकसरी गए भन्ने कुनै ऐतिहासिक दस्तावेज उपलब्ध छैन । नेपाली कलाकारहरू अरनिकोको निर्देशनमा साक्या गुम्बाको सुवर्ण चैत्य निर्माण गरी सुनका मसीले कंग्युर र तंग्युरजस्ता बौद्धधर्म कृतिहरू उतार गरी शाक्यमुनि बुद्धको सुवर्ण मूर्ति, सुवर्ण चैत्य र अनेकौँ बौद्ध मूर्ति बनाएको चर्चा सत्यमोहन जोशीले गरेका छन्, यो समय सन् १२६० आसपासको थियो।

अरनिकोको प्रतिभा, कार्यदक्षता तथा सीपबाट साक्या गुम्बाका सङ्घनायक पाहसपाले उनलाई कुब्लाई खाँको दरबार पेचिङ लिएर गए। अरनिकोका अतिरिक्त कतिजना कलाकार तिब्बत गएका थिए भन्ने कुराको तथ्य उपलब्ध छैन । सङ्घनायकद्वारा अरनिकोको प्रतिभा र अभूतपूर्व कलाकारिताको प्रशंसा सुनेका सम्राट कुब्लाई खाँ अरनिकोबाट प्रभावित भए । उनले बिग्रेर थन्किएको एउटा ढलोटको मूर्ति मर्मत गर्ने आदेश दिए।

अरनिकोले तत्परताका साथ आफूलाई प्रदान गरिएको दायित्व पूरा गरी ढलोटको मूर्तिलाई मर्मत गरी आफ्नो सीप र दक्षताको परिचय दिए । यस कार्यबाट बादसाह प्रसन्न भई बेइजिङको श्वेत चैत्य महान्िर्माण गर्ने दायित्व प्रदान गरे । अरनिकोकै नेतृत्वमा सन् १२७१ मा कार्य प्रारम्भ गरी आठ वर्ष लगाएर सो योजना पूरा भयो। यसपछि अर्को आठ वर्ष लगाएर उक्त चैत्यको परिसरमा नै एक बौद्ध विहार निर्माण गरे। यसपछि अरनिकोले चीनका अन्य प्रान्तमा पनि बौद्ध मूर्ति एवं कलाकृतिबाट सजिएका बौद्ध विहार बनाएका थिए। उक्त समयसम्म अरनिकोले धेरै चिनियाँहरूलाई ढलोटकलामा दक्ष कालीगण बनाइसकेका थिए। कुब्लाई खाँले अरनिकोको कौशल र सीपको सम्मान गर्दै वास्तुकला प्रमुखमा नियुक्त गरे।

उनले चिनियाँ युवतीसँग विवाह गरेर चिनको राजधानीमा घरजम गरी बस्न थाले। त्यहाँको सरकारी सेवामा कार्यरत रहँदाको अवस्थामा नै ६२–६३ वर्षको उमेरमा उनको देहान्त भयो। त्यस बेलासम्म उनका छोराहरू पनि बाबुको काँध थाप्न सक्ने हैसियतमा पुगिसकेका थिए । भनिन्छ, अरनिकोपश्चात् उनैका छोराहरू वास्तुकला विभागमा कार्यरत रहे।

अरनिको केबल वास्तुकलाविद् मात्र थिएनन्, उनी त एक कुशल चित्रकार पनि थिए । उनले बनाएको कुब्लाई खाँको मुहारचित्र र साम्राज्ञीको छविचित्र ताइवानको ताइपे सङ्ग्रहालयमा सुरक्षित रहेको तथ्य मीनबहादुर शाक्यले पत्ता लगाई सोको छायाप्रति पनि उपलब्ध गराए । जुन नेपाल आर्ट काउन्सिल बबरमहल ग्यालरीमा सजाइएको छ । अरनिकोको मृत्युपश्चात् चिनियाँ सम्राटले उनलाई मरणोपरान्त प्रदान गरिने विशेष सम्मान 'मिङ हुई' सम्मानबाट श्रद्धाञ्जली दिएका थिए । आजसम्म चीनमा उनका कलाकृतिहरू देख्न सकिन्छ । बेइजिङमा उनको समाधिस्थलमा सन् १३११ मा खडा गरिएको कीर्तिस्तम्भ नै उनको जीवनी र कार्यका विषयमा जानकारी दिने एक भरपर्दो स्रोत हो।

अरनिकोका विषयमा नेपाली स्रोत मौन रहँदा कतिपय प्रश्न हालसम्म अनुत्तरित नै छन्। सही उत्तर पाउन पनि मुस्किल नै होला । अरनिकोको खास नाम के थियो भन्ने विषयमा पनि अलमल छ, कसैले अनिको वा अरनिक भनेका छन त कसैले उनको नाम चिनियाँ भाषामा उच्चारण गर्दा अरनिको भएको चर्चा गरेका छन्। बाबुराम आचार्यले उनको नाम बलबाहु भएको जनाएका छन्। उनको जन्म कहिले भएको हो र सन् १२४४ मा भोट जाँदा उनी कति वर्षका थिए भन्ने पनि यकिन हुन सकेको छैन।

चीनमा रहँदा अरनिकोले धेरै जनासँग विवाह गरेका थिए। उनले कति श्रीमतीलाई त पारपाचुके पनि दिएका थिए भन्ने कथन पनि छ। मृत्युकालीन समयमा उनका नेपाली श्रीमतीबाहेक दुई मङ्गोलियन र सात चिनियाँ श्रीमती रहेको उल्लेख पाइन्छ । उनले नेपालबाट श्रीमती लिएर भोट जान सम्भव देखिँदैन किनकि भोट जाने कसैले पनि श्रीमती लिएर गएको प्रमाण भेटिँदैन।

उनका छोराछोरी चीनमै बसोबास गरेका र नेपालसँग कुनै सम्पर्क नभएको अनुमान हुन्छ । अरनिकोले देहत्याग गरेका थिए भन्नेसम्मका टिप्पणी पनि गरिएको पाइन्छ । उनी नेपालको कुन ठाउँबाट गएका हुन् भन्ने यकिन हुन सकेको छैन ललितपुरमा कालीगडी कलाकारहरूको बाहुल्य रहेकाले सोही ठाउँबाट उनी भोट गएको अनुमान बाबुराम आचार्यले गरेको हुनसक्छ। भोट तथा चीनमा प्रसिद्धि कमाएका नेपाली कलाकार अरनिकोका विषयमा नेपालम कुनै ऐतिहासिक प्रमाण नपाइनु साँच्चीकै खड्किने विषय हो। चिनियाँ स्रोतले प्रवाह गरेको सूचनाको आधारमा उनको योगदानको चर्चा गरिएको धेरैपछि मात्र नेपालमा अरनिकोको विषयमा चर्चा परिचर्चाहरू हुन थालेको हो।

जे होस् अरनिकोलाई राष्ट्रिय विभूतिको सम्मान दिनु, उनकै नामबाट कोदारी राजमार्गको नामकरण हुनु, उनको नाममा हुलाक टिकट प्रकाशन हुनु तथा पाटनमा उनको पूर्णकदको सालिक निर्माण हुनु निश्चय नै इतिहासलाई सम्मान दिने कार्य हुन् । अरनिको नेपाल–चीन सम्बन्धलाई उचाइमा पु¥याउने धर्तीपुत्र हुनुका साथै चीनमा सबैभन्दा ठूलो सम्मान, पद र प्रतिष्ठा पाउने पहिलो नेपाली पनि हुन्। नेपालको वास्तुकला विश्वको रङ्गमञ्चमा फैलाउने कला सारथिका रूपमा प्रतिष्ठाप्राप्त व्यक्ति हुन् यस्ता महान् विभूतिको स्मृति जयन्ती मनाइरहँदा सबै नेपाली सम्मानित भएका छन् । चीनको पहिलो सांस्कृतिक दूत अरनिकोप्रति हार्दिक श्रद्धाञ्जलि! रासस

# सिद्धान्त नमिल्नेहरुको गठबन्धन: वर्चस्व गुम्ने डर कि नयाँलाई रोक्ने ध्येय ?



गनी अन्सारी

नेपाली कांग्रेस, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सीट बाँडफाँट गर्ने सहमति गर्दै सोहीअनुसार उम्मेदवार मनोनयन दर्तामा गएको नेताहरूले बताएका छन्।

राष्ट्रिय सभामा रिक्त १८ पदका लागि कांग्रेसले नौ, एमालेले आठ र लोसपाले एक उम्मेदवार उठाउने सहमति भएको कांग्रेस नेता श्याम घिमिरेले बीबीसीलाई बताए। एमाले नेता महेश बर्तौलाले पनि त्यसको पुष्टि गरे।

कांग्रेस र एमालेका नेताहरूका अनुसार सीटको विषयमा कुरा नमिल्दा उक्त समीकरणबाट नेपाली कम्युनिस्ट पार्टी अन्तिम समयमा समावेश भएन।

तर नेकपाकी नेत्री पम्फा भुसालले ती दुई दलबीच पहिल्यै सहमति भइसकेको दाबी गर्दै आफूहरूले पाएको मतको रक्षाका निम्ति एक्लै प्रतिस्पर्धामा जाने निर्णय गरिएको बीबीसीलाई बताइन्।

पुराना दलहरूले "आफूबाहेकका शक्तिलाई आउन नदिने मुख्य उद्देश्यका साथ तालमेल वा गठबन्धन गर्दै आएका देखिएको" राजनीतिक विश्लेषकहरूले बताएका छन् । निर्वाचन आयोगले मनोनयन दर्ताका लागि बुधवार दिउँसो ३ बजेसम्मको समय तोकेको थियो।

**तालमेल किन**

फरक सिद्धान्त एवं विचारका दलहरूबीच गठबन्धनहरू बन्नु नियमितजसो हुन थालेको राजनीतिक विश्लेषक श्रीकृष्ण अनिरुद्ध गौतम बताउँछन्।

'सिद्धान्त अथवा दर्शनको नभएर व्यक्तिहरूको स्वार्थको समीकरण भइरहेको छ । यो एकप्रकारको राजनीतिक चरित्रको पतन हो,' बीबीसी न्यूज नेपालीसँग उनले भने।

एक्लाएक्लै चुनावमा गए वैकल्पिक शक्तिले आफूहरूको स्थान लिन सक्ने देखेर खास गरी कांग्रेस र एमालेले चुनावी तालमेल गर्न थालेको राजनीतिशास्त्री कृष्ण पोखरेलको धारणा छ। 'सत्तामा हाम्रो पकड रहिरहनुपर्छ र मिलेर नगए सिद्धिन्छौँ भनेर यो सब भइरहेको हो,' बीबीसी न्यूज नेपालीसँग उनले भने। 'कुनै विचार र नमिल्ने भए पनि आफूभन्दा फरक शक्ति आउन सक्ने मार्गलाई कसरी रोक्न सकिन्छ भन्ने ध्याउन्नले तालमेल गरिरहेका छन्।'

खास गरी राष्ट्रिय सभा निर्वाचनबाट आउने नतिजाबाट प्रतिनिधिसभाको निर्वाचनमा हुन सक्ने क्षतिलाई रोक्ने हिसाबले अहिलेको सीट बाँडफाँट गरेको पोखरेलको ठम्याइ छ । 'तर आमनिर्वाचनमा पनि तालमेलको क्रम दोहोरियो भने त्यो साह्रै निराशाजनक र खतरनाक हुने छ,' उनले भने।

**दोष कसको**

पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीका कारण पनि फरक सिद्धान्तका राजनीतिक दलहरूबीच तालमेल भइरहेको विश्लेषक गौतमको तर्क छ।

'समानुपातिकमा एउटालाई र प्रत्यक्षमा अर्कोलाई मत दिइसकेपछि मतदाताले कसलाई जनादेश दिएका हुन् त? मतदाताकै सिद्धान्त निष्ठामाथि खेलवाड भयो,' उनी भन्छन्।

पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत राजनीतिक दलहरूले पाउने मत प्रतिशतलाई नै गणना गरी समानुपातिकमा प्रतिनिधित्व गराइनुपर्ने उनको सुझाव छ। त्यसो गरिए अहिलेको समस्या केही हदसम्म सम्बोधन हुन सक्ने सम्भावना अर्का राजनीतिक विश्लेषक राजेन्द्र महर्जन पनि देख्छन्।

'पूर्ण समानुपातिक निर्वाचन प्रणालीले केही हदसम्म समाधान हुन सक्छ। तर त्यहाँ पनि सम्भ्रान्तहरूको कब्जा हुन सक्ने जोखिम रहन्छ,' बीबीसी न्यूज नेपालीसँग उनले भने।

'दलहरूले आआफ्ना मूल्यमान्यता विचारका आधारमा प्रतिस्पर्धा गरी प्रतिस्पर्धी राजनीति स्थापित गरून् भनी जनताले चाहेका हुन् । तर त्यसलाई भड्खालोमा हालेर जसरी उनीहरूले सत्ताको राजनीति गरिरहेका छन् त्यसको हामीले परिणाम भोगिरहेकै छौँ,' महर्जनले भने।

दलहरूबीच हुने गरेका त्यस्ता तालमेलले हालसम्म लोकतन्त्रलाई हानि नै गरेको र आउँदा दिनमा गरिरहनेमा विश्लेषक गौतम पनि सहमत छन्।

**नयाँ दल कति भिन्न**

पुराना दलहरूले गर्ने तालमेल अथवा गठबन्धनको असर नयाँ दलहरूलाई पर्ने विश्लेषकहरू ठान्छन्।

अघिल्लो चुनावका बेला पुराना नेताहरूलाई दोहो¥याउन नहुने पक्षमा देखिएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले पछि तिनै दलसँग सत्ता गठबन्धन गरेको गौतम स्मरण गराउँछन्।

'विसं २०७९ को चुनावका बेला 'नो नट अगेन' भन्ने दल नै चुनावपछि गठबन्धन गरेर सरकारमै गयो,' विश्लेषक गौतमले भने।

पछिल्लो समय रवि लामिछानेको रास्वपा, कुलमान घिसिङ संरक्षक रहेको भनिएको उज्यालो नेपाल पार्टी र बालेन्द्र शाह (बालेन)को समूह एकताबद्ध भएका छन्।

आसन्न प्रतिनिधिसभा चुनावले उनीहरूलाई राजनीतिक जनाधार बुझ्न र राजनीतिक हिसाबले विकसित हुनका लागि मौका दिने विश्लेषक महर्जन बताउँछन्।

**परिणाम कस्तो आउला**

नेपालमा गत भदौको जेन जी आन्दोलनले राजनीतिक वृत्तमा ठूलो उथलपुथल ल्याएको पृष्ठभूमिमा निर्वाचनको परिणाममा त्यसको प्रभाव पर्न सक्ने सम्भावना अस्वीकार गर्न नसकिने कतिपय राजनीतिशास्त्री बताउँछन्।

दलविशेषको 'भोट ब्याङ्क' भन्ने मान्यता यसपालि भङ्ग हुन सक्ने प्राध्यापक कृष्ण पोखरेलको आकलन छ।

'फलानो पार्टीको भोट ब्याङ्क हो भन्ने मान्यता जेन जी आन्दोलनले ध्वस्त पारिदिएको मलाई लाग्छ । विगतमा पाएको मतलाई आधार बनाएर गरिने विश्लेषण यसपालि धराशायी हुन्छ,' उनले भने।

आसन्न चुनावका क्रममा मतदाताको आचरणमा परिवर्तन आउने राजनीतिशास्त्री पोखरेलको ठम्याइ छ। 'हिजैको भोट ब्याङ्कलाई आधार बनाएर हामी जित्छौँ भनी पुराना दलले सोचिरहेका छन् । तर मतदाताले हिजोको जस्तै आचरण देखाउँछन् जस्तो मलाई लाग्दैन,' उनले अगाडि थपे।

**राष्ट्रिय सभाको निर्वाचन कसरी हुन्छ**

स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखले दिने एक भोट बराबर १९ मत र प्रदेशसभा सदस्यले दिने एक भोट बराबर ५३ मत गनिन्छ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कुल जनसंख्या र नेपालभरिका कुल प्रदेशसभा सदस्य (५५०) को भागफललाई १,००० ले भाग गरेर प्रदेश सभा सदस्यको मत भार ५३ निकालिएको हो।

सोही जनगणनाको नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या र स्थानीय सरकारका संख्याको दुई गुणा (प्रमुख–उपप्रमुख हुने भएकाले) को भागफललाई १,००० ले भाग गरेर १९ निकालिएको हो।

अघिल्लो पटक राष्ट्रिय सभाको गठन हुँदा पुरानो जनसङ्ख्या कायम रहेकाले प्रदेशसभा सदस्यको मत भार ४८ थियो भने स्थानीय सरकारको प्रमुख–उपप्रमुखका लागि १८–१८ थियो।

संसद् सचिवालयका अनुसार आउँदो फागुन २० सम्म पदावधि रहेका १९ जना सांसद राष्ट्रिय सभाबाट बिदा हुन लागेका छन्। अहिले १८ सांसद निर्वाचनमार्फत् छानिने छन् भने एक जना राष्ट्रपतिबाट मनोनीत हुने छन्। बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ट्रम्पको घोषणाः भेनेजुएलाबाट करोडौँ ब्यारेल तेल बजारमा



**अमेरिका।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार भेनेजुएलाले संयुक्त राज्य अमेरिकालाई तीन करोडदेखि पाँच करोड ब्यारेल कच्चा तेल उपलब्ध गराउने घोषणा गरेका छन् । उनले उक्त तेल बिक्रीबाट प्राप्त हुने आम्दानी दुवै देशका 'जनताको हितमा' प्रयोग गरिने प्रतिबद्धता व्यक्त गरेका हुन् । यसै सन्दर्भमा ह्वाइट हाउसले शुक्रबार अमेरिकी तेल कम्पनीका उच्च अधिकारीहरूसँग भेनेजुएलाको विषयमा छलफल गर्न बैठक आयोजना गर्ने जनाएको छ । ट्रम्प प्रशासनले भेनेजुएलाको विशाल तर समस्याग्रस्त तेल उद्योगलाई अमेरिकी लगानी र प्रविधिका लागि अझ खुला बनाउन दबाब दिइरहेको बताइएको छ । यस बैठकमा एक्सन, सेभरन र कोनोकोफिलिप्सका प्रतिनिधिहरू सहभागी हुने अपेक्षा गरिएको छ।

यही दिन काराकासका अधिकारीहरूले कम्तीमा २४ जना भेनेजुएलाका सुरक्षा अधिकारीहरू रातारात मारिएको पुष्टि गरेका छन् । ती अधिकारीहरूलाई अमेरिकी पक्षले राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी संयुक्त राज्य अमेरिकामा लागुऔषध सम्बन्धी अभियोगको सामना गराउन सञ्चालन गरेको सैन्य अपरेसनका क्रममा मृत्यु भएको बताइएको छ । भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेलसी रोड्रिगेजले ट्रम्पको चेतावनीप्रति कडा प्रतिक्रिया जनाउँदै आफूलाई धम्की दिनेहरूको भाग्य 'भगवानद्वारा निर्धारित हुने' बताए । भेनेजुएलाका महान्यायाधिवक्ता तारिक विलियम साबले उक्त सैन्य कारबाहीमा दर्जनौँ सुरक्षा अधिकारी र सर्वसाधारणको ज्यान गएको र यसलाई अभियोजकहरूले 'युद्ध अपराध' का रूपमा अनुसन्धान गरिरहेको जानकारी दिए । यसबीच क्युबाको सरकारले भेनेजुएलामा कार्यरत आफ्ना ३२ जना सेना र प्रहरी अधिकारीहरूको मृत्यु भएको पुष्टि गरेको छ।

पेन्टागनका अनुसार उक्त छापामा सात जना अमेरिकी सैनिक घाइते भएका थिए, जसमध्ये पाँच जना ड्युटीमा फर्किसकेका छन् भने दुई जना उपचाररत छन् । घाइतेहरूमा गोली र विस्फोटका छर्राले लागेको चोट रहेको जनाइएको छ।

तेल कारोबार हाल प्रतिब्यारेल करिब ५६ डलर रहेको अवस्थामा ट्रम्पले घोषणा गरेको सम्झौताको कुल मूल्य करिब दुई अर्ब ८० करोड डलर पुग्न सक्ने अनुमान गरिएको छ । यद्यपि भेनेजुएलामा विश्वकै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भए पनि देशको दैनिक उत्पादन करिब १० लाख ब्यारेलमा सीमित छ, जुन अमेरिकी उत्पादनको तुलनामा निकै कम हो।

यसैबीच, ट्रम्पले भेनेजुएलामाथि गरिएको सैन्य अपरेसनको डेमोक्रेटिक आलोचनाको प्रतिवाद गर्दै यसलाई सही कदमको संज्ञा दिएका छन् । सन् २०२० मा मदुरोमाथि संयुक्त राज्य अमेरिकाले नार्को–आतङ्कवाद र अन्तर्राष्ट्रिय कोकेन तस्करीको अभियोग लगाएको थियो र उनको गिरफ्तारीका लागि पाँच करोड डलर पुरस्कार घोषणा गरिएको छ।

अमेरिकामा गरिएको पछिल्लो जनमत सर्वेक्षणअनुसार मदुरोको गिरफ्तारीबारे अमेरिकीहरू विभाजित देखिएका छन् । करिब ४० प्रतिशतले अपरेसनको समर्थन गरेका छन् भने लगभग उस्तै प्रतिशतले विरोध जनाएका छन् । धेरैजसो अमेरिकीहरूले भने भेनेजुएलाका जनताले आफ्नो भविष्य आफैँ तय गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

मदुरोको गिरफ्तारीपछि ट्रम्प प्रशासनको कडा विदेश नीतिले विश्वभर चिन्ता बढाएको छ । यसै क्रममा ग्रिनल्यान्डको सार्वभौमसत्ता र कोलम्बियामाथि सम्भावित सैन्य कारबाहीबारे पनि अन्तर्राष्ट्रिय प्रतिक्रिया तीव्र बन्दै गएको छ । युरोपका प्रमुख मुलुकहरूले ग्रिनल्यान्ड डेनमार्ककै स्वशासित क्षेत्र भएको स्पष्ट गर्दै त्यहाँका जनताकै अधिकार सर्वोपरि हुने बताएका छन्। रासस

# उत्तर कोरियाको आणविक कार्यक्रम रोक्न सहयोग माग



**दक्षिणकोरिया।**
दक्षिण कोरियाली राष्ट्रपति ली जे–म्युङले बुधबार चिनियाँ राष्ट्रपति सी जिनपिङसमक्ष उत्तर कोरियाको आणविक हतियार कार्यक्रम नियन्त्रणमा लिन सहयोग गर्न आग्रह गरेका छन् । उनले सही परिस्थितिमा प्योङयाङको सामूहिक विनाशका हतियार विकासलाई 'स्थगन (फ्रिज)' गर्न सकिने सम्भावना रहेको धारणा पनि राखेका छन्।

लीको यो भ्रमण छ वर्षपछि कुनै दक्षिण कोरियाली राष्ट्रपतिले चीनमा गरेको पहिलो औपचारिक भ्रमण हो । सियोलले यस अवसरलाई चीनसँगको सम्बन्ध पुनःस्थापना गर्नुका साथै उत्तर कोरियासँग जटिल बन्दै गएको परिस्थितिमा कूटनीतिक सहयोग खोज्ने प्रयत्नका रूपमा लिएको छ । चीन दक्षिण कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार पनि हो।

आणविक हतियार सम्पन्न उत्तर कोरियाले जापान सागरमा दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको एक दिनपछि सोमबार राष्ट्रपति लीले बेइजिङमा राष्ट्रपति सीसँग भेट गरेका थिए । भेटपछि भ्रमण सम्पन्न गर्दै सांघाईमा पत्रकारहरूसँग कुरा गर्दै उनले प्योङयाङलाई पुनः वार्ताको टेबलमा फर्काउन चीनले सक्रिय भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याए।

'मैले राष्ट्रपति सीसँग कोरियाली प्रायद्वीप, विशेषगरी उत्तर कोरियाको आणविक कार्यक्रम सम्बन्धी विषयमा चीनले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न सक्नेबारे छलफल गरेको छु', लीले भने । उनका अनुसार हाल उत्तर कोरियासँग संवादका सबै औपचारिक च्यानलहरू पूर्ण रूपमा अवरुद्ध अवस्थामा छन् । हामी चीनले शान्तिका लागि प्रभावकारी मध्यस्थको भूमिका खेलोस् भन्ने आशा राख्छौँ", उनको भनाइ थियो।

राष्ट्रपति लीका अनुसार राष्ट्रपति सीले दक्षिण र उत्तर कोरियाबीचको सम्बन्ध बिग्रनुका कारणबारे प्योङयाङप्रति 'धैर्य' देखाउन सियोललाई आग्रह गरेका थिए। यस सन्दर्भमा लीले विगत लामो समयसम्म दक्षिण कोरियाले उत्तर कोरियाले खतरा ठान्ने खालका सैन्य गतिविधिहरू सञ्चालन गर्दै आएको स्वीकार गरे।

राष्ट्रपति लीले प्योङयाङलाई केही प्रकारको 'क्षतिपूर्ति' को बदलामा आफ्नो आणविक कार्यक्रम स्थगित गर्न सकिने प्रस्तावसमेत अघि सारेका छन् । उनका अनुसार हालको अवस्थामा उत्तर कोरियाले आणविक हतियारको थप उत्पादन नगर्ने, विदेशमा आणविक सामग्री हस्तान्तरण नगर्ने र अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल (आइसिबिएम) को थप विकास नगर्ने प्रतिबद्धता जनाउनु नै प्रारम्भिक रूपमा फाइदाजनक हुनसक्छ । दीर्घकालीन रूपमा भने हामीले आणविक हतियारमुक्त कोरियाली प्रायद्वीपको लक्ष्य कहिल्यै त्याग्नु हुँदैन उनले स्पष्ट पारे।

उत्तर कोरियाले आफूलाई पटक पटक 'अपरिवर्तनीय' आणविक राष्ट्र घोषणा गर्दै आएको छ र दुई कोरियाबीचको सम्बन्ध पछिल्ला वर्षहरूमा अत्यन्तै खराब अवस्थामा पुगेको छ । राष्ट्रपति लीका पूर्ववर्तीलाई गत वर्ष असफल रूपमा सैन्य शासन लागू गर्न खोजेको आरोपमा पदबाट हटाइएको थियो, जसका लागि प्योङयाङलाई उक्साउने प्रयास गरिएको आरोपसमेत लागेको थियो।

यसैबीच, सोमबार उत्तर कोरियाले आफ्ना आणविक शक्ति युद्धका लागि तयार अवस्थामा रहेको दाबी गर्दै हालै विश्वमा देखिएको 'भू–राजनीतिक संकट' माथि नजिकबाट निगरानी गरिरहेको जनाएको छ । उक्त टिप्पणी विशेष गरी भेनेजुएलामा हालै भएको अमेरिकी सैन्य आक्रमणलाई संकेत गर्दै गरिएको मानिन्छ।

उत्तर कोरियाली नेतृत्वका लागि यस्ता अन्तर्राष्ट्रिय घटनाक्रम अत्यन्तै भयावह मानिन्छन्, किनकि प्योङयाङले लामो समयदेखि अमेरिकाले सैन्य शक्ति प्रयोग गरेर आफ्नो शासन ढाल्न खोजिरहेको छ भन्ने गहिरो शंका राख्दै आएको छ । यही कारण देखाउँदै उत्तर कोरियाले दशकौँदेखि आफ्नो आणविक तथा क्षेप्यास्त्र कार्यक्रमलाई अमेरिकी दबाबविरुद्धको प्रतिरक्षाका रूपमा औचित्य दिँदै आएको छ।

हालका वर्षहरूमा उत्तर कोरियाले मिसाइल परीक्षण उल्लेखनीय रूपमा बढाएको छ । विश्लेषकहरूका अनुसार यस अभियानको उद्देश्य प्रहार क्षमतामा सुधार गर्नु, संयुक्त राज्य अमेरिका र दक्षिण कोरियामाथि दबाब सिर्जना गर्नु तथा सम्भावित रूपमा रुसजस्ता मुलुकमा निर्यात गर्नुअघि हतियारहरूको परीक्षण गर्नु हो । रासस

# बागलुङ महोत्सवमा आठ करोडको कारोबार

**ढोरपाटन।**
उद्योग वाणिज्य सङ्घ बागलुङको आयोजनामा भएको बागलङ महोत्सवमा रु आठ करोडको कारोबार भएको छ । सङ्घका अनुसार महोत्सवमा करिब ४ लाख दर्शकले अवलोकन गरेका छन्।

बागलुङ नगरपालिका–१ स्थित बाङ्गेचौर खेल मैदानमा यही पुस ११ गतेदेखि सुरु भएको महोत्सव यही पुस २२ गतेसम्म सञ्चालन गरिएको थियो।

महोत्सवमा विभिन्न व्यासायिक स्टल साथै, स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर 'मेड इन बागलुङ' नाम दिएर वागलुङमा उत्पादन हुने वस्तुको विक्री वितरण तथा प्रदर्शन निकै महत्वपूर्ण रहेको थियो।



महोत्सवमा निसीखोलामा भेंडाको उनबाट बनेका काम्ला, अल्लोको कपडा, गुन्द्रक, भाँगो, मकैको पिठो, कोदोको पिठोलगायत वस्तु, सिस्नोको धुलो, भुटेको मकै, टिमुर, आलु, सिल्टिमुर, सुन्तला, किवीलगायतका स्थानीय उत्पादनले बजार पाएको जनाइएको छ।

महोत्सवमा अटो मोबाइलदेखि होटल रेष्टुरेण्ट र विभिन्न प्रकारका व्यापारिक स्टलहरु राखिएको थियो । स्टलमा पनि उल्लेखनीय व्यापार भएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिए।

महोत्सवमा रमाईलो मेला सञ्चालन गर्नुका साथै गण्डकी प्रदेश स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता, दोहोरीगित प्रतियोगिता, महिलाहरुका लागि लठ्ठो तान्ने प्रतियोगिता, घैटोफोर प्रतियोगिता, भाले छुनेलगायन विभिन्न प्रतियोगिता संचालन गरिएको थियो।

सङ्घले महोत्सवबाट सङ्कलन भएको रकमबाट सामाजिक उत्तरदायित्व अन्तर्गत मानवसेवा आश्रम बागलुङका लागि रु पाँच लाख ११ हजार १११ लाख र नेपाल पत्रकार महासङ्घ बागलुङका लागि रु एक लाख सहयोग प्रदान गरेको सङ्घका निवर्तमान अध्यक्ष नरेश कँडेलले जानकारी दिए।

महोत्सवबाट बचेको रकम व्यावसायीहरूको कल्याणकारी कोष, बागलुङ बजारमा सिसी क्यामेरा जडान तथा मर्मत, स्वास्थ्यका लागि खेलकुद कोष, अक्षयकोष निर्माण, कोशेली घर सञ्चालन आदिमा खर्च गरिनेछ । रासस

# पेरिसमा भारी हिमपातका कारण १४० उडान रद्द



**पेरिस।**
हिमपात र अत्यधिक चिसोका कारण बुधबार बिहान फ्रान्सको राजधानी पेरिसस्थित चार्ल्स डे गल विमानस्थलमा करिब १०० उडान रद्द गरिएको छ भने ओर्ली विमानस्थलमा थप ४० उडान स्थगित गरिएको फ्रान्सका यातायातमन्त्री फिलिप टबारोटले जानकारी दिए।

मङ्गलबार राति उडान अवरोधको सम्भावना देखिएको उल्लेख गर्दै मन्त्री टबारोटले सिएनयुज टेलिभिजनसँग कुरा गर्दै 'आज दिउँसोसम्म अवस्था क्रमशः सामान्य हुने अपेक्षा गरिएको' बताए। उनका अनुसार मौसम सुधारसँगै हवाई आवागमन पनि पुनः नियमित हुने आशा गरिएको छ।

हिमपातका कारण पेरिस र आसपासका उपनगरहरूमा चल्ने सबै सार्वजनिक बस सेवाहरू अस्थायी रूपमा स्थगित गरिएको छ । तर, यातायात अधिकारीहरूका अनुसार मेट्रो र उपनगरीय रेल सेवाहरूको ठूलो हिस्सा भने सञ्चालनमै रहेको छ, जसले यात्रुहरूलाई आंशिक राहत दिएको छ।

फ्रान्सको राष्ट्रिय मौसम सेवा मेटिओ–फ्रान्सले देशका ९६ मुख्य भूमि विभागहरूमध्ये ३८ विभागमा भारी हिमपात र कालो बरफको जोखिम रहेको भन्दै सतर्कता जारी गरेको छ । ती क्षेत्रमा तीनदेखि सात सेन्टिमिटर अर्थात् करिब एकदेखि तीन इन्चसम्म हिउँ जमिसकेको छ।

मौसम सेवाले हाल देखिएको चिसोलाई 'यस मौसमका लागि दुर्लभ रूपमा तीव्र' भएको उल्लेख गरेको छ । यसअघि नै अधिकारीहरूले पेरिस क्षेत्रका बासिन्दाहरूलाई अनावश्यक यात्रा नगर्न, सतर्क रहन र सम्भव भएसम्म बुधबार घरबाटै काम गर्न आग्रह गरेका थिए।

यस जाडोयाममा युरोपले भोगेको सबैभन्दा कडा चिसोका क्रममा फ्रान्समा मौसमसँग सम्बन्धित दुर्घटनामा हालसम्म कम्तीमा छ जनाको ज्यान गएको अधिकारीहरूले जानकारी दिएका छन् । चिसो अझै केही समय कायम रहन सक्ने अनुमान गरिएकाले सुरक्षा सतर्कता अपनाउन सर्वसाधारणलाई अनुरोध गरिएको छ । रासस

# एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको तयारी पूरा




**पोखरा।**
नेपाल खेलकुद पत्रकार मञ्च ९एनएसजेएफ० को आयोजनामा हुन लागेको २२ औँ एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको सम्पूर्ण तयारी पूरा भएको छ।

नेपाली खेलकुदको सबैभन्दा ठूलो र प्रतिष्ठित अवार्ड कार्यक्रम काठमाडौँ बाहिर हुन लागेको यो पहिलो पटक हो । अवार्डको पूर्वसन्ध्यामा मङ्गलबार स्पोर्टस समिटको आयोजना गरिएको थियो । मञ्चअन्तर्गतको एनएसजेएफ एकेडेमीको आयोजनामा भएको त्यस कार्यक्रममा पोखरामा खेल पयर्टन र अर्थतन्त्रबारे छलफल भएको थियो।

मञ्चका अध्यक्ष नीरञ्जन अधिकारीले कार्यक्रमलाई लिएर आफू धेरै उत्साहित रहेको बताए। उनले कार्यक्रमलाई लिएर चाहिने सबै तयारी पूरा भएको छ । अब हामी अवार्ड कार्यक्रमकै ब्यग्र प्रतीक्षामा रहेको बताए । हामीलाई सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नुपर्ने लागेको थियो । तर पोखरामा आएपछि हामीले चुनौतीभन्दा बढी अवसर देखेका छौँ । मलाई लाग्छ, अब पोखरा राष्ट्रिय र अन्तरराष्ट्रिय अवार्ड कार्यक्रमको गन्तव्य बन्ने बताए।

मञ्चको पोखरा समन्वय शाखाका अध्यक्ष एमबी आस्था मगरले अवार्ड कार्यक्रमको आयोजनाले पोखरेली खेल इतिहासमा नयाँ अध्याय थपिएको बताए । उनले भने, 'पोखरा सहर स्पोर्टस हबको रूपमा स्थापित हुँदै आएको छ । अब स्पोर्टस अवार्डको सफल आयोजनाले पोखराको खेल क्षेत्र अझ विस्तृत र फराकिलो भएको छ ।' अवार्डमा पोखरा महानगरपालिका प्रवद्र्धक रहेको छ।

अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुप छ । यस्तै पावर्ड बाईमा यति एयरलाइन्सले साथ दिएको छ । स्पोट्र्स अवार्डको भोटिङ पार्टनरमा खल्ती र पोसाक पार्टनरमा केल्मी नेपाल रहेका छन् । अवार्डमा यसपटक पनि १० विधामा अवार्ड प्रदान गरिनेछ । त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोट्र्स जर्नालिस्ट अवार्ड रहेका छन् । पिपल्स च्वाइस अवार्डको मनोनयनमा रहेका खेलाडीमा उसुका विजय सिञ्जाली, टेबल टेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल रहेका छन् । यसपटकको कार्यक्रम पोखराको सभागृहमा आयोजना हुँदैछ । रासस

# दुई फर्मलाई दुई लाख ५० हजार जरिवाना

**काठमाडौँ ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुई वटा फर्मलाई नगद जरिवाना गरेको छ । विभागले स्थलगत निरीक्षणका क्रममा कैफियत भेटिएपछि मञ्जुश्री प्लास्टिक इण्डस्ट्रिज चाँगुनारायण २ भक्तपुरलाई रु दुई लाख बराबरको जरिवाना गरेको हो ।
यस्तै, श्री पोलिथिन एण्ड प्लास्टिक उद्योग प्रालि काठमाडौँलाई रु ५० हजार जरिवाना गरेको छ । विभागका अनुसार ती उद्योगलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ २ क, दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ १ ख बमोजिम कारवाही गरिएको हो ।
विभागले काठमाडौँ र भक्तपुरका विभिन्न १७ वटा उद्योग र फर्ममा अनुमगन निरीक्षण गरेको थियो । त्यसमध्ये १५ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिएको थियो । स्थानीय प्रशासन, उपभोक्ता अधिकारकर्मी समेतको सहभागितामा विभागले निरन्तर रुपमा अनुमगन तथा निरीक्षण गरिरहेको छ ।रासस

# अमर्यादित सामाग्री पोष्ट गर्ने ५९९ प्रहरी कारबाहीमा

**काठमाडौँ ।**
नेपाल प्रहरीको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी नीति विपरीत गैर व्यावसायिक एवम् अमर्यादित सामग्री पोष्ट गर्ने ५९९ जना प्रहरीलाई कारबाही गरिएको छ ।
आर्थिक वर्ष २०७७र७८ देखि हालसम्म फेसबुक, एक्स, टिकटकलगायतका विभिन्न सामाजिक सञ्जालमा सङ्गठनविरूद्ध अमर्यादित टिप्पणी गर्ने एवम् प्रहरी पोशाकको दुरूपयोग गर्ने प्रहरी नायब महानिरीक्षकदेखि कार्यालय सहयोगीसम्मलाई विभागीय कारबाही गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए ।
कारबाही पर्नेहरूमा एक प्रहरी नायब महानिरीक्षक, एक प्रहरी वरिष्ठ उपरीक्षक, चार प्रहरी उपरीक्षक, पाँच प्रहरी नायब उपरीक्षक, २४ प्रहरी निरीक्षक, ११ प्रहरी वरिष्ठ नायब निरीक्षक, २४ प्रहरी नायब निरीक्षक, ५१ प्रहरी सहायक निरीक्षक, सात प्रहरी वरिष्ठ हवल्दार, ३५ प्रहरी हवल्दार, ७६ सहायक हवल्दार, ३५८ प्रहरी जवान र कार्यालय सहयोगी दुईजना रहेका छन् ।
उनीहरूलाई सङ्गठनको नीति विपरीत कार्य गरेकोमा सख्त चेतावनी, नसिहतदेखि बढुवा रोक्कासम्मको कारबाही गरिएको उनले जानकारी दिए । नेपाल प्रहरीले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन मिति २०७१ मा परिपत्र गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोग गर्नेसम्बन्धी निर्देशिका जारी गरेको थियो ।
नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धी कार्यादेश २०७७ एवम् प्रहरी प्रधान कार्यालयबाट विभिन्न मितिमा गरिएका परिपत्रहरुमा समेत प्रहरीले सामाजिक सञ्जालमा गैर व्यावसायिक र अमर्यादित आचरण प्रदर्शन नगर्न भनिएको थियो ।रासस

# पाँच वर्षमा ५० हजार रोजगारी सृजनाको लक्ष्य




**काठमाडौँ ।**
नेपाली लेखा तथा लेखापरीक्षण सेवालाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी रूपमा स्थापित गर्दै सेवा निर्यातमार्फत रोजगारी र आयआर्जन बढाउने लक्ष्यसहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ९आइक्यान० ले 'ग्लोबल अकाउन्टिङ इनिसियटिभ इन नेपाल' ९गेन० परियोजना सार्वजनिक गरेको छ ।
राजधानीमा बुधबार आयोजित एक कार्यक्रममार्फत परियोजनाको औपचारिक सुरुआत गरिएको हो । आइक्यानका अनुसार परियोजनाको मूल उद्देश्य नेपालको लेखा तथा वित्तीय सेवालाई केन्द्रमा राखेर विश्वसनीय आउटसोर्सिङ गन्तव्यको रूपमा ब्रान्डिङ गर्नु, रणनीतिक साझेदारी विकास गर्नु र दिगो रोजगारी सिर्जना गर्नु रहेको छ । गेन परियोजनाले पाँच वर्षभित्र वार्षिक ५० हजारभन्दा बढी तथा आगामी दश वर्षमा एक लाख ५० हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । यसै अवधिमा सेवा निर्यातमार्फत बर्सेनि करिब रु ८० अर्ब बराबरको आय देशमा भित्र्याउने योजनासमेत छ ।
परियोजनाअन्तर्गत अकाउन्टिङ आउटसोर्सिङका लागि आवश्यक नियामक तथा संस्थागत संरचना विकास, सुरक्षित डिजिटल पूर्वाधार निर्माण, विश्वस्तरका मापदण्डमा जनशक्ति प्रशिक्षण र गुणस्तरीय सेवा विस्तारलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ । साथै, आउटसोर्सिङ हब, डिजिटल प्लेटफर्म र इनक्युबेशन सेन्टर स्थापना गरी नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ ।
आइक्यानका अध्यक्ष नीलबहादुर सारु मगरले गेन परियोजनालाई आगामी आर्थिक वर्षदेखि नियमित कार्यक्रमका रूपमा अघि बढाइने जानकारी दिए । उनका अनुसार विश्व बजारमा भारत, बङ्गलादेश, भियतनाम र फिलिपिन्सजस्ता मुलुकले देखाएको प्रभावकारी उपस्थिति हेर्दा नेपालले पनि प्रतिस्पर्धा गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ । 'नेपालमै बसेर विश्वका विभिन्न देशका संस्थालाई लेखा सेवा दिन सकिने वातावरण बनाउनुपर्छ', उनले भने, 'नेपाललाई दक्षिण एसियाको आउटसोर्सिङ हबका रूपमा स्थापित गर्ने उद्देश्यका लागि सीप विकास र नीतिगत स्पष्टता अपरिहार्य छ ।'
कार्यक्रममा आइक्यानका नायब निर्देशक सन्तोष विष्टले संस्थाले हाल २०८१–२०८५ का लागि तयार गरिएको पाँचवर्षे रणनीति कार्यान्वयनमा रहेको बताउँदै ठूला अर्थतन्त्र भएका मुलुकलाई नेपालले किफायती र गुणस्तरीय अकाउन्टिङ सेवा दिन सक्ने सम्भावना बलियो रहेको उल्लेख गरे ।
परियोजनाले बेलायत, अष्ट्रेलिया, अमेरिका, युरोपेली सङ्घलगायत सम्भावित बजार लक्षित डिजिटल प्रचारप्रसार गर्ने, उच्च गुणस्तरका प्रचार सामग्री उत्पादन गर्ने र विदेशमा रहेका नेपाली समुदायसँग सहकार्यमार्फत अवसर विस्तार गर्ने योजना बनाएको छ । साथै, विश्वस्तरमा प्रयोग हुने लेखा सफ्टवेयर र आउटसोर्सिङसम्बन्धी विशेष प्रमाणपत्र कार्यक्रम सञ्चालन, राष्ट्रिय प्रतिभा दर्ता प्रणाली निर्माण तथा आउटसोर्सिङका पाठ्यक्रम विकासालाई अघि सारिएको छ ।
कर छुट, मूल्य अभिवृद्धि करसम्बन्धी स्पष्टता, वैदेशिक विनिमय प्रक्रिया सरलीकरण, डेटा संरक्षण कानुन सुदृढीकरण, नेपाली कम्पनीलाई विदेशमा शाखा सञ्चालनको सुविधा र वैदेशिक लगानी शीघ्र स्वीकृत गर्नेलगायत नीतिगत सुधारले परियोजना सफल हुने अपेक्षा आइक्यानले गरेको छ । साथै आइक्यानले परियोजना कार्यान्वयनपछि नेपाली अडिट फर्म र यस पेसामा लागेका व्यक्तिबाट अन्तरराष्ट्रिय बजारमा आफ्नो उपस्थिति बढाउँदै सेवा निर्यातमार्फत मुलुकको अर्थतन्त्र सुदृढीकरणमा योगदान पुग्ने विश्वास गरेको छ ।रासस

# जिम्मेवार र जवाफदेही पत्रकारिता गर्न सञ्चारमन्त्रीको अनुरोध




**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जिम्मेवार र जवाफदेही पत्रकारिता गर्न सञ्चारकर्मीहरूसँग अनुरोध गरेका छन् । नेपाल पत्रकार महासंघ भक्तपुर जिल्ला शाखाको २९ औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रमको उद्घाटन गर्दै सञ्चारमन्त्री खरेलले सत्यतत्थ्यभन्दा बाहिर गई गैरजिम्मेवार ढङ्गबाट आफूखुसी समाचार सम्प्रेषण हुन थालेकामा चिन्ता व्यक्त गरे।
आगामी फागुन २१ गते हुने निर्वाचनमा उम्मेदवारी दिने या नदिनेबारेमा आफूले कुनैपनि निर्णय नलिएको अवस्थामा सम्प्रेषित समाचारका विषयमा आश्चर्य प्रकट गर्दै उनले विश्वसनीयता कायम गर्नेतर्फ आमसञ्चारमाध्यमको ध्यान जान आवश्यक छ भने । सञ्चारमन्त्री निर्वाचनमा उठ्न लागेको भन्ने सन्दर्भमा स्पष्ट पार्दै उनले भने, 'चुनावमा उठ्ने रे भन्ने कुराहरु पनि आयो, फलानो पार्टीबाट उठ्ने कि, यो पार्टीबाट उठ्न रे, यो क्षेत्रबाट उठ्ने रे, त्यो क्षेत्रबाट उठ्ने रे भन्ने पनि आयो, तर म यो स्पष्ट पार्न चाहन्छु कि मैले अहिलेसम्म चुनावमा उठ्ने या नउठ्ने भन्ने केही पनि निर्णय गरेको छैन । आजको दिनसम्म कुनैपनि पार्टीमा प्रवेश गरेको छैन, पार्टीमा गएको छैन, वार्ता र छलफल गरेको छैन, आउँछु भनको छैन, जान्छु भनेको छैन, मैले केही भनेको छैन।'
प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको प्रवक्तासमेतका हैसियतले आमजनताको उल्लेखनीय सहभागितामा सफलतापूर्वक चुनाव सम्पन्न गर्न अहोरात्र खटिरहेको अवस्थामा आफूले निर्णय नगरेको विषयमा यसरी समाचार सम्प्रेषण हुँदा दुःख लागेको उनले बताए । सञ्चारमन्त्री खरेलले सत्यतथ्यसहित विश्वसनीय, सन्तुलन र निष्पक्षरुपमा समाचार सम्प्रेषण गर्न आमसञ्चारकर्मीसँग अनुरोध गरे।
मन्त्री खरेलले चुनाव नजिकिँदै गरेको अवस्थामा मतदाता शिक्षालाई प्रभावकारी बनाउने, निष्पक्ष, धाँधलीरहित र स्वतन्त्र ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने, सही उम्मेदवार छनोट गरी बदर नहुने तरिकाले मतदान गर्नेजस्ता विषयलाई प्राथमिकता दिई समाचार सम्प्रेषण गर्न आमसञ्चाकर्मीको ध्यानाकर्षण गराए।
उनले भने, 'देश किन बन्न सकेन, कसका कारण बन्न सकेन, कति वटा व्यवस्था परिवर्तन भए, पञ्चायत आयो, प्रजातन्त्र आयो, लोकतन्त्र आयो, गणतन्त्र आयो, सबै व्यवस्था परिवर्तन भए, कैयौँ व्यक्तिहरु शासन व्यवस्थामा आए, सरकार चलाए, प्रधानमन्त्री मन्त्री बने, तर देश किन बनेन, जनताको अवस्था किन सुध्रेन, किन जेनजी जनआन्दोलन हुनुपर्यो, दर्जनौँले बलदानी दिनुपर्यो भन्नेबारेमा जिम्मेवार समाचार माध्यमले समाचार ल्याउनुपर्छ, तर त्यसो हुन सकिरहेको छैन।'
'मलुकले परिवर्तन खोजेको छ, परिवर्तनका लागि अब फेरि रगत बग्न हुँदैन, जेनजी दाजुभाइ, दिदी बहिनीहरु मर्नुपर्ने दिन फेरि आउनुहँुदैन, फेरि बलिदानी दिनुपर्ने अवस्था आउनुहुँदैन, अहिलेका विषम परिस्थितमा सबै पक्ष जिम्मेवार बनी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सदुपयोग गरौँ।' उनले भने।
नेपालमा मिडिया धेरै भएकाले व्यवसायीकरणतर्फ जान नसकेको प्रसङ्ग उल्लेख गर्दै सञ्चारमन्त्री खरेलले भने, 'हाम्रो देशमा करिब १३ हजार पत्रकार छन्, १३ हजार वटै सञ्चारमाध्यम, त्योभन्दा बढी होला, कसरी धान्या होला, कसलाई पत्याउने हो, कसलाई मान्ने हो, देशमा १३ हजार मिडिया आवश्यक हो कि होइन, धान्न सकिन्छ कि सकिँदैन, यी सञ्चारमाध्यमलाई कसरी बचाइराख्ने हो, यसतर्फ हामी सबै गम्भीर हुन आवश्यक छ।'
मिडियाका कारण मानिसहरु 'मिस इन्फरमेशन', 'डिस इन्फरमेशन' र 'फेक न्यूज'को शिकार हुनेगरेको चर्चा गर्दै उनले यसलाई कसरी निरुत्साहित गर्ने र कसरी पत्रकारितामा व्यावसायिकता ल्याउने भन्नेबारेमा सोच्नुपर्ने समय आएको उनको भनाइ थियो।
कार्यक्रममा राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई फरक ढङ्गले बुझ्नुपर्ने धारणा व्यक्त गर्दै सत्यतथ्य, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण गरी मुलुकलाई सही बाटोमा अघि बढाउने जिम्मेवारीमा रहेका हामी आमसञ्चारकर्मीबाट सोहीअनुसारको भूमिका निर्वाह हुनुपर्नेमा जोड दिए । बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले सत्यतथ्यलाई उपेक्षा गरी लोकप्रिय पत्रकारिताका कारण पछिल्ला दिनमा समस्या सिर्जना भएको उल्लेख गर्दै जिम्मेवार, जवाफदेही पत्रकारिता गर्न आग्रह गरे।
कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष उम्मिद वागचन, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश अध्यक्ष टेनिश रेक्का, महासंघका काठमाडौँ अध्यक्ष शोभा अर्याल, ललितपुर अध्यक्ष रामहरि कार्की, वरिष्ठ पत्रकार कबिर राणा, महासंघ भक्तपुर शाखाको अध्यक्ष सुन्दर शिल्पकार र पूर्वअध्यक्ष नारायणसुन्दर किलम्बु, सम्मानित पत्रकार पेशल आचार्यलगायतका वक्ताहरूले पत्रकार हकहितका बारेमा धारणा व्यक्त गर्दै जिम्मेवार र जवाफदेही पत्रकारितमा जोड दिए।
सो अवसरमा पत्रकार पेशल आचार्यलाई स्व भगवानदास–राजकुमार महर्जन स्मृति पत्रकारिता पुरस्कार, लीला श्रेष्ठलाई क्रियासिल महिला पत्रकारिता पुरस्कार र विनोद कोजूलाई स्व मैयादेवी शिल्पकार स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो। रासस

# मेची भन्सार कार्यालयबाट छुर्पीको निर्यात बढ्यो



**झापा ।**
नेपालमा उत्पादित छुर्पीको निर्यात ३२ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८२र८३ को पाँच महिनामा पूर्वीनाका काँकरभिट्टा हुँदै रु ४८ करोड ५२ लाख ७३ हजार मूल्यबराबरको दुई लाख ७५ हजार २४६ केजी छुर्पी निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँले जानकारी दिए ।
गत आव २०८१र८२ को सोही अवधिको तुलनामा चालु आवमा ३२ प्रतिशतले निर्यात बढेको हो । गत आवको साउनदेखि मङ्सिरसम्ममा रु ३६ करोड ७६ लाख २३ हजार मूल्यबराबरको दुई लाख १७ हजार ६८ केजी छुर्पी निर्यात भएको उनले बताए । गत आवको तुलनामा चालु आवमा छुर्पीको निर्यात रु ११ करोड ७६ लाख ५० हजारले बढेको जनाइएको छ । नेपाली छुर्पी निर्यात हुने मुख्य नाका नै काँकरभिट्टा हो । मेची भन्सारबाट निर्यात हुने प्रमुख १० मालवस्तुको सूचीमा छुर्पी चौथो स्थानमा छ ।
पहाडी तथा हिमाली जिल्लामा दुग्धजन्य वस्तुबाट छुर्पी उत्पादन हुन्छ । निर्यात भएर अधिकांश छुर्पी युरोप र अमेरिका पुग्ने गरेको छ । ती मुलुकमा यसलाई कुकुर र बिरालोको खानाका रूपमा प्रयोग गर्छन् । नेपाल छुर्पी व्यवसायी संघका महासचिव ऋषि तिम्सिनाले नेपालमा उत्पादन हुने छुर्पीको ८० प्रतिशत हिस्सा कोशी प्रदेशले ओगटेको बताए । नेपालबाट निर्यात हुने प्रमुख उत्पादन छुर्पीको उत्पादन र व्यवसाय प्रवद्र्धनका लागि सरकारले ध्यान दिन नसकेको महासचिव तिम्सिनाले गुनासो गरे ।रासस

# च्यापिएर मजदुरको मृत्यु

**तनहुँ ।**
जिल्लाको ऋषिङ गाउँपालिका–१ ड्यामसाइडस्थित कालिका कन्ट्रक्सनमा काम गर्ने एक जना मजदुरको स्काभेटर र टिपरको बीचमा च्यापिएर मृत्यु भएको छ ।
प्रहरीका अनुसार व्यास नगरपालिका–५ का २५ वर्षीय महेन्द्र थापाको काम गरिरहेको अवस्थामा स्काभेटर र टिपरको बीचमा पर्दा च्यापिएर मृत्यु भएको हो ।
कालिका कन्ट्क्सन कम्पनीको इएक्स ०६६ नम्बरको स्काभेटर र सोही कम्पनीको बा प्र ०६–००१ क ०२५१ नम्बरको टिपरले काम गरिरहेको अवस्थामा अचानक च्याप्दा गम्भीर घाइते भएका थापालाई उपचारका लागि मङ्गलबार दिउँसो दमौलीस्थित रत्नहरी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले बताए । उनका अनुसार उपचारका क्रममा उहाँको गएराति मृत्यु भएको हो
टिपर चालक चितवनको राप्ती नगरपालिका–२ का ३३ वर्षीय जीवनकुमार गोले र स्काभेटर चालक बर्दियाको बारबर्दिया नगरपालिका–८ का २२ वर्षीय विशाल थारुलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक विकले बताए । उनका अनुसार मृतकको शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ ।
त्यसैगरी पृथ्वीराजमार्ग सडकअन्तर्गत बन्दीपुर गाउँपालिका–४ ठूलोढुङ्गा नजिक ग १६ प १६५३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा एक जना पैदलयात्री गम्भीर घाइते भएका छन् । भारतको रडिया थाना गोडिजग पूर्वी चाम्पा रोड घर भई हाल बन्दीपुर–४ डुम्रे बजारमा बस्दै आएका ५५ वर्षीय कुलदेव शाह घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
घाइते शाहलाई स्थानीय मोती अस्पतालमा सामान्य उपचारपछि चितवन मेडिकल कलेज पठाइएको छ । टाउँकोमा गम्भीर चोट लागेर बोल्न नसक्ने अवस्थामा रहेकाले थप उपचारका लागि चितवन पठाइएको प्रहरी नायब उपरीक्षक विकले जानकारी दिए । उनका अनुसार मोटरसाइकल चालक बन्दीपुर–१ किहुँ घर भएका २४ वर्षीय सोमबहादुर आलेलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ । रासस

# सुनसरीमा पाँच लाख ८० हजार ९४५ मतदाता कायम

**काठमाडौँ ।**
**सुनसरी ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा पाँच लाख ८० हजार ९४५ जना मतदाता कायम भएका छन् ।
जिल्लाका १२ स्थानीय तहमध्येबाट दुई लाख ९४ हजार २५२ पुरुष, दुई लाख ८६ हजार ६९१ महिला र दुई जना तेस्रो लिङ्गी मतदाता कायम भएका हुन् ।
जिल्ला निर्वाचन कार्यालयका अनुसार प्रतिनिधिसभाका लागि चार निर्वाचन क्षेत्र तोकिएका छन् । जिल्लाभर जम्मा १६७ मतदानस्थल र ६२४ मतदान केन्द्र निर्धारण गरिएको कार्यालयका प्रमुख कृष्ण पौडेलले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी निर्वाचन क्षेत्र नं २ मा एक लाख ५६ हजार ९९० मतदाता छन् भने सबैभन्दा कम एक लाख ३४ हजार ३०२ मतदाता कायम भएका छन् ।
निर्वाचन आयोगका अनुसार मतदाता नामावली अद्यावधिकपछि उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो । आगामी निर्वाचनलाई लक्षित गर्दै मतदाता शिक्षालगायत तयारीका कार्यक्रम अघि बढाइएको जिल्ला निर्वाचन कार्यालय प्रमुख पौडेलले बताए । आगामी निर्वाचनका लागि संघीय सरकारले सुनसरीमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरू खटाइसकेको छ ।
प्रकाश राउतलाई मुख्य निर्वाचन अधिकृत तोकिएको छ । उनी हाल सुनसरी जिल्ला अदालतमा जिल्ला न्यायाधीशका रूपमा कार्यरत छन् । निर्वाचन अधिकृतका रूपमा दिव्यराज घिमिरे, राजेन्द्रकुमार लम्साल र पदमबहादुर कार्कीलाई तोकिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख पौडेलले जानकारी दिए ।रासस



***हटियामा बिक्री गर्न राखिएका खाद्यान्नः*** *माघे सङ्क्रान्ति नजिकिँदै गर्दा महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकाको वडा नं १ स्थित हटियामा व्यापारीले बिक्री गर्न राखेको चिउरा, भूजा, तील, सख्खरलगायत खाद्यान्न। माघ १ गते घिउ, चाकु, चिउरा, भूजा, तीलको लड्डु, तरुल लगायत विभिन्न परिकार खाएर माघे सङ्क्रान्ति मनाउने चलन रहेको छ । तस्बिरः रासस*

# मधेशका अधिकांश प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विशेष महाधिवेशनलाई लिएर नेपाली कांग्रेसमा विवाद चरमोत्कर्षमा पुगेको छ । विशेष महाधिवेशन पक्षधरले पुस २७ र २८ गते विशेष महाधिवेशन आह्वानसमेत गरिसकेको छ । जसको अगुवाई महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले गरिरहेका छन् । विशेष महाधिवेशन पक्षका केही नेता कार्यकर्ताले नेपाली कांग्रेसका पूर्वउपसभापति बिमलेन्द्र निधिसँग दुव्र्यवहार गरेको समाचार बाहिरिएको थियो । जसको विरोधमा जनकपुरधाममा कांग्रेसी नेताकार्यकर्ताले मंगलबार साँझ विरोध प्रदर्शनसमेत गरेका थिए ।

विशेष महाधिवेशनलाई लिएर नेपाली कांग्रेसभित्र विवाद बढिरहेको समयमा मधेशमा कांग्रेसका अधिकांश महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । मधेश प्रदेशका करिब ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षरसमेत गरिसकेका छन् । उनीहरू पुस २६ गते विशेष महाधिवेशनका लागि काठमाडौँ पुग्ने तयारीसमेत गरिसकेका छन् ।

कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनका लागि प्रक्रिया अघि बढाइरहँदा मधेश प्रदेशमा थापा–शर्मा पक्षधर नेताले थप महाधिवेशन प्रतिनिधि जुटाउने अभियानलाई तीव्र बनाएका छन् ।

मधेशका आठ जिल्लामा रहेका ८ सय २३ महाधिवेशन प्रतिनिधिमध्ये हालसम्म ४ सय १६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेको थापा पक्षधर नेताहरूको दाबी छ । हस्ताक्षरको संख्या अझै बढ्ने उनीहरूको भनाइ छ ।

महामन्त्री थापा निकट मधेश प्रदेश कांग्रेस समितिका उपसभापति वीरेन्द्र सिंहका अनुसार विशेष महाधिवेशनको पक्षमा महाधिवेशन प्रतिनिधिलाई तान्न निरन्तर छलफल र संवाद भइरहेको छ ।

पुस २६ गते काठमाडौँ पुगेर विशेष महाधिवेशनमा सहभागी हुने तयारी भइरहेको जानकारी दिँदै उनले हस्ताक्षर नगरेका प्रतिनिधिलाई समेत काठमाडौं जान आग्रह गरिएको बताए । उनका अनुसार संख्या घट्नेभन्दा बढ्ने सम्भावना बढी छ ।

सर्लाही जिल्लाबाट रहेका १ सय ३ महाधिवेशन प्रतिनिधिमध्ये ७० जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेका छन् । पर्सामा १ सय महाधिवेशन प्रतिनिधिमध्ये ४० विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । बारामा १ सय ४ महाधिवेशन प्रतिनिधिमध्ये ६३ ले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका छन् । रौतहटमा भने १ सय १० महाधिवेशन प्रतिनिधिमध्ये २१ जनामात्रै विशेष महाधिवेशनका पक्षमा छन् ।

रौतहट मधेश प्रदेश कांग्रेस समितिका सभापति तथा मुख्यमन्त्री कृष्ण यादवको गृह जिल्ला हो । यादव देउवानिकट नेता हुन् । महोत्तरीमा १ सय ५ जना महाधिवेशन प्रतिनिधिमध्ये ५४ जनाले विशेष महाधिवेशनको समर्थन गरेका छन् । महामन्त्री थापानिकट नेता पोषण थापाका अनुसार अझै ६ प्रतिनिधि सम्पर्कमा रहेकाले संख्या बढ्ने अपेक्षा गरिएको छ ।

धनुषामा १ सय महाधिवेशन प्रतिनिधिमध्ये २३ जना विशेष महाधिवेशनका पक्षमा उभिएका छन् । धनुषा देउवानिकट नेता विमलेन्द्र निधिको गृह जिल्ला हो । धनुषा–३ बाट महाधिवेशन प्रतिनिधि बनेका जीवनाथ चौधरीले आफू पनि विशेष महाधिवेशनको पक्षमा रहेको बताउँदै अझै हस्ताक्षर गर्न बाँकी साथीहरू रहेको जानकारी दिए । उनका अनुसार धनुषाबाट थप १०–१५ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा उभिनेछन् ।

सिरहामा १ सय १ महाधिवेशन प्रतिनिधिमध्ये ७६ जनाले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरिसकेका छन् । सप्तरीमा १ सय महाधिवेशन प्रतिनिधिमध्ये ६९ विशेष महाधिवेशनको समर्थनमा रहेको कांग्रेस सप्तरीका नेता बताउँछन् ।

# भ्रष्टाचार मुद्दा दर्ता भएसँगै गाउँपालिका अध्यक्ष निलम्बित

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता भई बहालवाला गाउँपालिका अध्यक्ष निलम्बनमा परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्ताविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेसँगै उनी स्वतः पदमुक्त (निलम्बित) भएका हुन् ।



जिल्लाको इतिहासमै पहिलोपटक बहालमै रहेका पालिका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भई कानुनी प्रक्रियाअनुसार पद गुम्न पुगेको हो । आयोगले बुधवार अध्यक्ष गुप्तासहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, लेखापाल तथा एक विज्ञापन एजेन्सीका सञ्चालकविरुद्ध आरोपपत्र दायर गरेको जनाएको छ ।

अनुसन्धानका क्रममा गाउँपालिकाले विभिन्न विकास निर्माण योजनाहरूको बोलपत्र आह्वान गर्दा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन नगरी, प्रकाशन गरेको भनी नक्कली कागजात तयार पारी भ्रष्टाचार गरेको तथ्य खुलेको छ । आर्थिक वर्ष २०७९/०८० मा खानेपानी ट्युबवेल जडान, स्टेडियम निर्माण, चार कोठे भवन तथा दलित आवास निर्माणलगायत योजनाहरूका लागि 'सौर्य राष्ट्रिय दैनिक' मा सूचना प्रकाशन गर्ने निर्णय गरिएको भएपनि वास्तविक पत्रिकामा ती सूचना प्रकाशित नभएको अख्तियारले जनाएको छ ।

आयोगका अनुसार अध्यक्ष मनोज कुमार गुप्ताले बदनियतपूर्वक विज्ञापन एजेन्सीसँग मिलेमतो गरी नक्कली पत्रिकाको प्रति तयार गराई सूचना लुकाएको र सो कार्यबापत ४ लाख २९ हजार ४ सय रुपैयाँ भुक्तानी गरी सरकारी रकम हिनामिना गरेका छन् । यस प्रकरणमा अध्यक्ष गुप्तासँगै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र प्रसाद साह, तत्कालीन लेखापाल संजय पटेल तथा के.एस. मल्टिपर्पोज प्रा.लि. वीरगंजका सञ्चालक कमल कुमार उपाध्यायलाई प्रतिवादी बनाइएको छ । अख्तियारले उनीहरूविरुद्ध ४ लाख २९ हजार ४ सय रुपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद र बिगो बराबरको जरिवाना मागदाबी गरेको छ ।

भ्रष्टाचार निवारण ऐनअनुसार अदालतमा मुद्दा दर्ता भएसँगै सार्वजनिक पद धारण गरेका व्यक्ति मुद्दाको अन्तिम फैसला नभएसम्म स्वतः निलम्बन हुने कानुनी व्यवस्था रहेको हुँदा अध्यक्ष गुप्ताको पद स्वतः गुमेको अख्तियारले स्पष्ट पारेको छ ।

# सम्मान तथा कन्फ्रेन्स हलको उद्घाटन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित नेशनल मेडिकल कलेजमा इन्स्टिच्युट अफ मेडिसिन, त्रिभुवन विश्वविद्यालयका डीन प्राध्यापक डा. मोहन राज शर्माको सम्मान तथा स्वागतमा भव्य कार्यक्रम सम्पन्न भएको छ ।

सोही अवसरमा कलेज परिसरभित्र नवनिर्मित अत्याधुनिक कन्फ्रेन्स हलको उद्घाटन पनि गरिएको छ ।

कार्यक्रममा सहभागी वक्ताहरूले चिकित्सा शिक्षा, स्वास्थ्य सेवा, अनुसन्धान र सामाजिक उत्तरदायित्वका क्षेत्रमा नेशनल मेडिकल कलेजले पु¥याउँदै आएको योगदानको उच्च प्रशंसा गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि प्रा.डा. मोहन राज शर्मा र अतिथि सम्माननीय प्रा.डा. सुरेश उप्रेतीलाई दोसल्ला ओढाई मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको थियो । सम्मानित अतिथिहरूले चिकित्सा शिक्षाको गुणस्तर सुधार, शैक्षिक संस्थाबीचको सहकार्य विस्तार तथा स्वास्थ्य सेवा प्रभावकारी बनाउने विषयमा आफ्ना धारणा राखेका थिए ।

नेशनल मेडिकल कलेजका अध्यक्ष प्रा.डा. जैनुद्दीन अन्सारीको अध्यक्षतामा आयोजित कार्यक्रममा महाराजगञ्ज मेडिकल क्याम्पसका प्रमुख प्रा.डा. सुरेश उप्रेती प्रमुख अतिथिको रुपमा सहभागी भएका थिए । कार्यक्रममा नेशनल मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलका व्यवस्थापकीय निर्देशक शहनवाज अन्सारी, अस्पताल निर्देशक डा. इश्रत जहाँ अन्सारी, एकेडेमिक निर्देशक डा. रुबी श्रेष्ठ, एडमिसन तथा मार्केटिङ निर्देशक श्री अबिद हुसेन अन्सारी लगायतको उपस्थिति रहेको थियो ।

कलेजका कार्यवाहक प्राचार्य प्रा.डा. आनन्द कुमार चौरसियाले स्वागत मन्तव्य व्यक्त गरेको सो कार्यक्रममा उपप्राचार्य प्रा.डा. रवि शंकर गुप्ताले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा नेशनल मेडिकल कलेज र राष्ट्रियस्तरका शैक्षिक तथा स्वास्थ्य संस्थाबीचको सम्बन्ध अझ मजबुत बन्ने विश्वास व्यक्त गरिएको छ ।




# जय माँ दुर्गा करियर ट्रान्सपोर्टमा छापामारी

**मधेशदृष्टि**
**वीरगंज ।**
विवादास्पद व्यवसायी मदन गुप्ता उर्फ 'रुन्चे'को गोदाममा सशस्त्र प्रहरीले छापामारी गर्दै लाखौँ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका आदर्शनगर स्थित 'जय माँ दुर्गा करियर (ट्रान्सपोर्ट)' को गोदाममा सशस्त्र प्रहरीको टोलीले छापा हानेको हो ।



प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजका प्रमुख, सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) पुरुषोत्तम भण्डारीको नेतृत्वमा खटिएको टोलीले गोदाममा छापामारी गरेको जनाइएको छ । छापाका क्रममा गोदामबाट ६ पोका सुटका कपडा तथा १ पोका जुत्ता बरामद गरिएको सशस्त्र प्रहरी श्रोतले जानकारी दिएको छ ।

बरामद सामग्रीको अनुमानित मूल्य करिब २० लाख रुपैयाँ रहेको बताइएको छ । ती सामानहरू भारतबाट भन्सार छलि अवैध रूपमा भित्र्याइएको आशङ्का गरिएको छ । बरामद गरिएका सामग्रीहरूलाई थप अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाउन वीरगंज भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको छ ।

मदन गुप्ता 'रुन्चे' को गोदाममा यसअघि पनि छापामारी भइसकेको छ । गत चैत महिनामा समेत सोही स्थानबाट करिब २० लाख रुपैयाँ बराबरको तस्करीजन्य सामान बरामद गरिएको थियो । त्यतिबेला तत्कालीन जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक (एसपी) कुमोध ढुङ्गेलको नेतृत्वमा खटिएको टोलीले छापा मारेको थियो । उक्त घटनापछि बरामद सामान मदन गुप्तासँग सम्बन्धित रहेको उल्लेखसहितको प्रतिवेदन वीरगंज भन्सार कार्यालयमा बुझाइएको थियो ।

तर, त्यसयता पनि मदन गुप्तामाथि ठोस कानुनी कारबाही नभएको भन्दै स्थानीय स्तरमा आलोचना हुँदै आएको छ । स्रोतहरूका अनुसार उनी लामो समयदेखि वीरगंज भन्सार नाकामार्फत कपडा, हार्डवेयरलगायतका सामानहरूको तस्करीमा संलग्न रहँदै आएका छन् । साथै, वीरगंज भन्सारका केही कर्मचारीहरूको संरक्षणमा तस्करी भइरहेको आरोप पनि पटक पटक लाग्ने गरेको छ ।

नेपालको प्रमुख भन्सार नाका रहेको वीरगंजबाट हुने तस्करीले राष्ट्रिय राजस्वमा ठूलो क्षति पु¥याउने विज्ञहरूको भनाइ छ । मदन गुप्ता 'रुन्चे'माथि यसअघि पनि हुण्डी कारोबारदेखि विभिन्न किसिमका तस्करीसम्बन्धी आरोपहरू लाग्दै आएका छन् । यस पटकको छापामारीपछि थप अनुसन्धान अघि बढ्ने अपेक्षा गरिएको छ ।

# बागमती प्रदेशमा दुई सिटका लागि छ जनाको उम्मेदवारी

**बागमती ।**
माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि बागमती प्रदेशमा छ जनाको उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन अधिकृत गीता श्रेष्ठका अनुसार बागमती प्रदेशमा एक महिला र एक अन्य गरी दुई सिटका लागि हुने निर्वाचनका निम्ति विभिन्न चार दलबाट तीन जना महिला र तीन जना पुरुष गरी छ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

महिला क्लस्टरतर्फ नेपाली कांग्रेसबाट गीता देवकोटा, नेपाली कम्युनिष्ट पार्टीबाट सरोज कुमारी झा र नेपाल मजदुर किसान पार्टीबाट कबिता महर्जनले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत श्रेष्ठले जानकारी दिइन् ।

अन्य क्लस्टरबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) का डा प्रेमप्रसाद दङ्गाल, नेपाली कम्युनिष्ट पार्टीबाट प्रेम सापकोटा र नेपाल मजदुर किसान पार्टीबाट विक्रम ढुकुछुले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रस्ताव र समर्थकसहित निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उम्मेदवारहरूले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारी दर्तासँगै राजनीतिक दलहरूले उम्मेदवार चुनाबी अङ्कगणितमा जुटेका छन् । एक सय १० सदस्यीय प्रदेशसभा र एक सय १९ स्थानीय तह रहेको बागमती प्रदेशको मतभार अनुसार नेपाली कांग्रेस बलियो देखिन्छ । राष्ट्रियसभाका लागि बागमती प्रदेशमा प्रदेशसभाका एक सय १० र पालिकातर्फ दुई सय ३८ गरी तीन सय ४८ मतदाता छन् भने १० हजार तीन ५२ मतभार रहेको छ ।

बागमती प्रदेशमा नेपाली कांग्रेसको प्रदेशसभामा ३७ र स्थानीय तहतर्फ एक सय आठ जना छन् । त्यो अनुसार कांग्रेसको चार हजार १३ मतभार छन् । यस्तै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टीसँग दुई हजार सात सय ३८ मतभार छन् । बागमती प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) दुई हजार पाँच सय ७१ मत मतभारसहित तेस्रो स्थितिमा छन् । प्रदेशसभामा १३ सिट रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको सात सय ८ मतभार छ भने नेपाल मजदुर किसन पार्टीको एक सय ९७ मतभार, हाम्रो नेपाली पार्टीको एक सय छ मतभार र स्वतन्त्रको १९ मतभार छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन